महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०७९/८०

माथागढी गाउँपालिका, पाल्पा

८०५५०५०५३००

माथागढी गाउँपालिका , पाल्पा

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-७-३०

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
माथागढी गाउँपालिका, पाल्पा ,
माथागढी गाउँपालिका , पाल्पा

लेखापरीक्षण ऐन २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०/०६/१२ मा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।
कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

सत्य नारायण थापा
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार, काठमाडौं ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रण कार्यालय,
तानसेन, पाल्पा ।,
palpa.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा इकाई कार्यालय, तानसेन,
पाल्पा ।, palpa.dtco@fcgo.gov.np

परिचय

१

(क) कार्यालयको उद्देश्यः स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्यः लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधिः यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।०७ देखि २०८०।०६।११ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधिः लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमाः लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थितिः कार्यालयको आय – व्ययतर्फको रु.१४४०८३७८८९.१२ को लेखापरीक्षण गरीएको छ । यसको स्थिति अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरुः लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुलीः लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१३२३०७.०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

कार्यक्रम/ ब.उ.शी.नं.	वापत	रकम	मिति	दाखिला भएको बैङ्क
गाउँपालिका चालु	दोहोरो सुविधा, बढी भुक्तानी लगायतको असुली	८३५३३	०६/११/२०८०	नेपाल इन्भेष्टमेन्ट मेगा बैंक
आन्तरिरक राजस्व	वडा नं.६ को असुली भन्दा कम दाखिला भएको असुल भई दाखिला भएको	३००	०६/११/२०८०	नेपाल इन्भेष्टमेन्ट मेगा बैंक
सामाजिक सुरक्षा	मृतकलाई भत्ता भुक्तानी भएको	४८४७४	०६/१०/२०८०	राष्ट्रिय बाणिज्य बैंक
जम्मा		**१३२३०७**		

२ **एकिकृत आर्थिक विवरण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम माथागढी गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय आय-व्यय हिसावको आर्थिक वर्ष २०७९/८० को संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

https://nams.oag.gov.np

सि.नं.	आय		सि.नं.	व्यय	
	विवरण	रकम		विवरण	रकम
१	गतवर्षको जिम्मेवारी	११३३४१०२२.३९	१	संघीय/प्रदेश समानीकरण अनुदान	८०७४९३५८.२६
	क. स्थानीय संचितकोष खाता	९७६१६६०४.३२		क. चालु	९३०२०४.००
	ख. आन्तरिक राजश्व खाता	०.००		ख. पूंजीगत	७४०३१८४१.२६
	ग. स्थानीय तह धरौटी खाता	७२१४३७७.८८		ग. प्रदेश समानीकरण अनुदान	५७८७३१३.००
	घ. प्रकोप व्यवस्थापन कोष खाता	२३५०८४६.१९	२	संघीय सशर्त अनुदान	२६५६०४६४१.५५
	ङ. विविध खर्च खाता	०.००		क. चालु	२२९५८७९२८.५५
	च. विविध कोष खाता	५३५४६०.००		ख. पूंजीगत	२९०७८०७२.००
	छ. आकस्मिक कोष खाता	५६२३७३४.००		ग. बिशेष अनुदान	६९३८६४१.००
			३	संघीय समपुरक अनुदान पूँजीगत	०.००
२	राजश्व आय	१२८५९४७४४.८७	४	आन्तरिक स्रोत	८३५७७८४१.००
	क. आन्तरिक राजश्व	२०७४२४८४.०९		क. चालु	३७१२८६११.००
	ख. राजश्व वांडफाड	१०७८५२२६०.७८		ख. पूंजीगत	४६४४९२३०.००
३	संघ सरकारबाट हस्तान्तरण	३९९५४६५००.००	५	राजश्व वाँडफाँड	७११२१८०४.३६
	क. वित्तीय समानीकरण अनुदान	१०४८०२५००.००		क. चालु	६६४५९४९१.३६
	ख. सशर्त अनुदान	२८४७४४०००.००		ख. पूंजीगत	४६६२३१३.००
	ग. समपुरक अनुदान	०.००	६	प्रदेश विशेष अनुदान पूँजीगत	६८४११४३.००
	घ. बिशेष अनुदान	१००००००००.००	७	प्रदेश समपूरक अनुदान पूँजीगत	१३४१५०४१.००
४	प्रदेश सरकारबाट हस्तान्तरण	३५११४४११.००	८	प्रदेश सशर्त अनुदान पूँजीगत	४६८५३०७.००
	क. वित्तीय समानीकरण अनुदान	६१५३०००.००	९	अन्तर सरकारी वित्तीय हस्तान्तरण	१४९७८७८८८.००
	ख. समपूरक अनुदान	१३४६१४११.००		क. सामाजिक सुरक्षा	११६५१०१४८.००
	ग. सशर्त अनुदान	८००००००.००		ख. एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२०६०००००.००
	घ. बिशेष अनुदान	७५०००००.००		ग. गरिबसँग विश्वेश्वर कार्यक्रम	१२५२०००.००
५	अन्तर सरकारी वित्तीय हस्तान्तरण	१४९७८७८८८.००		घ. स्थानीय शासन सहयोग कार्यक्रम	९५१९४७०.००
	क. सामाजिक सुरक्षा	११६५१०१४८.००		ङ. भाषा तथा संस्कृति कार्यक्रम	१९०६२७०.००
	ख. एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२०६०००००.००	१०	धरौटी फिर्ता	३६१४९४२.००
	ग. गरिबसँग विश्वेश्वर कार्यक्रम	१२५२०००.००	११	कार्यसञ्चालन कोष	४०८४४८०.००
	घ. स्थानीय शासन सहयोग कार्यक्रम	९५१९४७०.००		क. प्रकोप व्यवस्थापन कोष	१७८२४८०.००
	ङ. भाषा तथा संस्कृति कार्यक्रम	१९०६२७०.००		ग. विविध कोष खाता	२३०२०००.००
			१२	फिर्ता	३३१५९२७८.४५

७	कार्यसञ्चालन कोष	५३९३९३९.५०		क. संघीय सशर्त अनुदान(चालु)	२३३५६०७१.४५
	क. प्रकोप व्यवस्थापन कोष	०.००		ख. संघीय शसर्त अनुदान(पूँजिगत)	५७८३२८७.००
	ख. विविध खर्च खाता	०.००		ग. प्रदेश सशर्त अनुदान	४०१९९२०.००
	ग. विविध कोष खाता	२८६६५७७.५०	१३	मौज्दात रकम (स्रेस्ता अनुसार)	१२०८९५४६२.२७
	घ. आकस्मिक कोष खाता	२५२७३६२.००		क. स्थानीय तह संचितकोष खाता	१०१७१७८४५.५७
७	धरौटीको प्राप्ती	५७५८६८१.१३		ख. धरौटी खाता	९३५८११७.०१
				ग. प्रकोप व्यवस्थापन कोष खाता	५६८३६६.१९
				घ. विविध कोष खाता	११०००३७.५०
				ङ. आकस्मिक कोष खाता	८१५१०९६.००
	जम्माः	**८३७५३७१८६.८९**		**जम्मा**	**८३७५३७१८६.८९**

पालिकाले अन्तिम लेखापरीक्षणको क्रममा माथि उल्लेख भए बमोजिमको एकिकृत आर्थिक विवरण पेश गरेकोमा अन्तरसरकारी अख्तियारीबाट संचालित कार्यक्रमबाट कट्टी गरी राखेको धरौटी रकम सो आर्थिक विवरणमा समावेश गरेको पाईएन । गत आर्थिक वर्षको रु.७९६९०७ र यस आर्थिक वर्षमा प्राप्त धरौटी रु.१२५१५३४ को स्रेस्ता लेखापरीक्षणमा पेश गरे तापनि एकीकृत आर्थिक विवरणमा समावेश नहुँदा लेखापरीक्षणमा पेश भएको एकीकृत आर्थिक विवरणले True And Fair View दिएको मान्न सकिएन । पालिकाबाट संचालित सम्पूर्ण कारोवार समावेश गरि तयार पारिएको एकीकृत आर्थिक विवरण लेखापरीक्षणमा पेश गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन:

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको छैन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण क्षेत्र/विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्न सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ ।

• पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको छैन । कतिपय गोश्वारा भौचर तोकिएको अधिकारीबाट प्रमाणित समेत भएको छैन ।

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै कार्यवाही भएको छैन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता कार्य नभएको वा अद्यावधिक भएको छैन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो को पालना गर्नलाई स्थायी प्रकृतिको कागजात तयार गरी कार्यान्वियन गरेको छ ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको छैन ।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

• कार्यालयको स्वीकृत दरबन्दीअनुसार जनशक्ति व्यवस्थापनका लागि सम्बन्धीत निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

• कार्यालयको कार्य प्रकृति अनुसार सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/कार्यदिश दिई समयमै कार्यसम्पादनमा जोड दिनुपर्नेमा सो भएको छैन ।

• सवारी साधन मर्मत सम्भार तथा संरक्षणका लागि म.ले.प. फारम नं. ४१४ को प्रयोग कार्यान्वियन ल्याएको छैन् ।

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो गरेको छैन ।

• सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर

म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन् ।

• भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीहरुको लागि भ्रमण अभिलेख नराखेको, म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीहरुको भ्रमण अभिलेख नराखेको सथै म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राखेको छैन् ।

• बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फाराममा तोकिए बमोजिमको अभिलेख राखेको छैन् ।

• म.ले.प फारामले तोके बमोजिमका सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको छैन् ।

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिवाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने तर्फ कार्यालयले ध्यान दिनु पर्नेमा सो को पालना भएको देखिएन ।

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन वापतको रकम भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन । यसबाट गत विगतका बेरुजु तथा पेश्की हराउने वा छुट्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

उपरोक्त बुँदा समेत पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११६५१०१४८.००, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.२०६००००.०० र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रु.९५१९४७०.००, भाषा तथा संस्कृति कार्यक्रमको रु.१९०६२७०.०० र गरिवसँग विश्वेश्वर कार्यक्रमको रु.१२५२०००.०० समेत गरी रु.१४९७८७८८.०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार

भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३१३८०९९.००, यस वर्षको प्राप्ति रु.१८७९६०१६३.४५, यस वर्षको भुक्तानी रु.१८२९४७१६६.४५ र बैङ्क मौज्दात रु.८१५१०९६.०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	११०२०२९२३.३९	५३६२३६००१.०५	५३३६९४५५८.१७	११२७४४३६६.२७
एकीकृत आर्थिक विवरणअनुसार	११३३४१०२२.३९	७२४१९६१६४.५	७१६६४१७२४.६०	१२०८९५४६२.२७
फरक	**३१३८०९९.**	**१८७९६०१६३.४५**	**१८२९४७१६६.४५**	**८१५१०९६**

कार्यालयको भनाईः *प्रस्तुत हिसाब फरक पर्नुको कारणहरु CGAS तर्फको हिसाब सुत्रमा नदेखिनु, निकासा फिर्ताको रकम समेत भुक्तानी र प्राप्तिमा गाभिएर आउनु, अन्य कोष तर्फको आम्दानी र खर्च बैंक नगदी किताब अनुसार म ले प २७२ मा नआउनु जस्ता विविध कारणहरु रहेको व्यहोरा अनुरोध गर्दछु।*

सैद्धान्तिक बेरुजु

५ **दुई लेखाप्रणालीः**

एउटा कार्यालयमा एक लेखा प्रणाली हुनुपर्दछ । सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्न र प्रतिवेदन गर्न ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA(Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । तर ती दुवै प्रणालीका बीच एकैकार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन । पालिकामा संघ, प्रदेश र स्थानीय गरी तीन तहको बजेट प्रयोग गर्दा अन्तर सरकारी वित्तिय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रबिष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्चलाई अभिलेख गर्दा अन्तरसम्बन्ध नहुँदा के कति खर्च भयो यकिन गर्न नसकिने स्थिति छ । अन्तर सरकारी वित्तिय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा ले SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक आर्थिक विवरण म.ले.प. फाराम २७२ मा समावेश हुन सक्ने देखियो । सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२०७४२४८४.०९ राजस्व बाँडफाँड र अनुदानबाट रु. ५४२५१३१७१.७८ समेत रू. ५६३२५५६५५.८७ आम्दानी भएकोमा चालु तर्फ रु. ३३४४०४१०९.९१ र पूँजिगत तर्फ रु. १९१५९१०२६.२६ गरी जम्मा रु. ५२५९९५१३६.१७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.९४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा

रु.१०६१२६००.०० खर्च भएको छ जुन आन्तरिक आयको ५१.१६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५९.३७ प्रतिशत चालु र ३४.०१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	**कुल खर्च**	**त्रैमासिक खर्च**				**आषाढ महिनाको खर्च**
		प्रथम	**दोस्रो**	**तेश्रो**	**चौथो**	
गाउँपालिका पुंजीगत	१४४०४७८६३	१२०८४०७	१०१६३००९	३०२५७५५४	१०२४१८८९३	६५०००३५५
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	३६०१६७१३	०	०	९७७०७३४	२६२४५९७९	१६४७९७११
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम	११५२६४५०	०	२२५०००	६३१७५०	१०६६९७००	७०४९२७३
जम्मा खर्च	**१९१५९१०२६**	**१२०८४०७**	**१०३८८००९**	**४०६६००३८**	**१३९३३४५७२**	**८८५२९३३९**
खर्च प्रतिशत	**१००**	**०.६३**	**५.४२**	**२१.२२**	**७२.७२**	**४६.२१**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१९१५९१०२६ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१२०८४०७(०.६३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१०३८८००९(५.४२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.४०६६००३८(२१.२२ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१३९३३४५७२(७२.७२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८८५२९३३९(४६.२१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **क्षेत्रगत बजेट खर्च:**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिएको छ ।

मुख्य क्षेत्र	**वार्षिक बजेट**	**खर्च रकम**	**कुल खर्च प्रतिशत**	**क्षेत्रगत खर्च प्रतिशत**
आर्थिक विकास	४८७५२४७८	३१०२४२४९	६३.६४	५.९
सामाजिक विकास	३५६८६६०००	३०५३६९३८१.५५	८५.५७	५८.०६
पूर्वाधार विकास	१६७४९००००	११७५५०८७८.२६	७०.१८	२२.३५
सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र	१०७१८०००	९७८४२२३	९१.२९	१.८६
कार्य सञ्चालन तथा प्रशासनिक	८९२८७७५१	६२२६६४०४.३६	६९.७३	११.८४
जम्मा	**६७३११४२२९**	**५२५९९५१३६.१७**	**७८.१४**	**१००**

पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार आर्थिक विकासमा सबैभन्दा कम ६३.६४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र अन्तर्गत सबैभन्दा बढी ९१.२९ प्रतिशत खर्च गरेको छ । उल्लिखित ५ क्षेत्रको क्षेत्रगत खर्च प्रतिशतमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५८.०६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबैभन्दा कम १.८६ प्रतिशत खर्च भएको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्च तथा सामाजिक विकासको खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९ **जिन्सी व्यवस्थापन सम्बन्धी व्यहोराः**

९.१ **जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.२ **जिन्सी अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेसिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको साविक गा.वि.स. र विषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी गाउँपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, यस वर्ष खरिद गरेका कतिपय खप्ने तथा नखप्ने मालसामान जिन्सी दाखिला नगरेको, गाउँपालिका अन्तर्गतका वडा कार्यालयले खरिद गरेको मालसामानको जिन्सी दाखिला नगरेको तथा वडा कार्यालयमा नै दाखिला गर्ने गरेको कारण गाउँपालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्न सकिएन । गाउँपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अभिलेख अद्यावधिक गर्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

९.३ **पाम्सको प्रयोग :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) को प्रयोग यस पालिका आंशिक रुपमा गरेको छ । वडा कार्यालय तथा पालिका अन्तर्गतका स्वास्थ्य इकाईहरुको कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द सामाग्री तथा आवश्यक फर्निचर तथा प्रिन्टर समेत सम्बन्धित कार्यालयले नै खरिद गरेको र सो खरिदलाई PAMS मा पोष्टिङ्ग गरेको छैन् । यसले गर्दा पालिका अन्तर्गतका अन्य कार्यालयले वर्ष भर खप्ने जिन्सी सामाग्री कति र नखप्ने जिन्सी सामाग्री कति खरिद गरेको र कति प्रयोग भयो र कति बाँकी छ भन्ने एकिन गर्न सकिएन । पालिका अन्तर्गतका कार्यालयलाई आवश्यक पर्ने कार्यालय सञ्चालन सम्बन्धी सम्पूर्ण जिन्सी सामाग्री गाउँपालिकाले एकिकृत रुपमा खरिद गरी PAMS मा दाखिला गराएर मात्र खर्च लेख्नु पर्दछ । पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष २ वटा विवाद दर्ता भएकोमा २ वटा नै फर्स्यौट भएको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१२ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **औषधी खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस पालिकाले उक्त प्रक्रियावेगर सोझै वर्षभर रु.३००५४२४.०० को औषधी खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधीको उत्पादन कम्पनी र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको छैन ।

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टीफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको छैन् ।

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन ।

• औषधीको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनु पर्नेे एकमुष्ट घटाउने गरेको छ ।

औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधीको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ६ बर्थिङ सेन्टरका लागि यस वर्ष १०० थान को खरिद गरेकोमा ९५ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०७९।३।१० मा रु.६१ करोड २८ लाख २० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१९ **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ८ वडाको लागि वडास्तरिय ३०२ र पालिकास्तरका १०५ गरी कुल ४०७ योजनामा वजेट विनियोजन गरेको छ ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	१०५	२३	५१	३१
२	वडास्तरीय	३०२	५	२३	२७४

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३३६ योजनामात्र कार्यान्वयन भई ७१ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १०

करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१९१५९१०२६.२६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **लक्ष्य प्रगति :**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **कर्मचारी करार:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था भएकोमा पालिकाले विभिन्न पदमा ६३ जना कर्मचारी करारमा राखी रु.१ करोड ७७ लाख ४१ हजार खर्च लेखेको छ ।

सैद्धान्तिक बेरुजु

२३ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ २६ कर्मचारीको रु.४९६२८४४८.०० र पालिकाका १० कर्मचारीको रु.५९५३३४४.८६ समेत रु.५५५८१७९२.८६ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाको गाउँ कार्यपालिका, कृषि, पशु र स्वास्थ्यमा प्रमुख प्रशासकीय अधिकृत सहित ७९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३७ स्थायी पदपूर्ती भएको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्दछ । रिक्त पद यथाशिघ्र पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **अवकाश कोष:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने

व्यवस्था छ । पालिकाले हालसम्म ऐनको व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको छैन । पालिकाले अवकाश कोषको स्थापना गरी भावी दायित्व भुक्तानी सहजतालाई सुनिश्चित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२३५४५०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१९७४१४००.३१ अर्थात अनुमानको ८३.८५ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२८ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	**आन्तरिक आय**	**आन्तरिक आय प्रतिशत**
३४०५६६६८६.८१	२०७४२४८४.०९	६.०९

त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२९ **कर तथा शुल्क असुली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रुपमा पहिचान भएका राजस्वका सबै श्रोतहरु उचीत तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन । पालिकाले वडागत रुपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ । साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	आम्दानी शीर्षक	अनुमान	प्राप्ती	प्राप्ती प्रतिशत
१	एकीकृत सम्पती कर	१००००	५५.	०.५५
२	भुमिकर/मालपोत	५५००००	४६५८११.०९	८४.६९
३	घरजग्गा रजिष्टेशन दस्तुर	२००००००	२२७२३९९.२	११३.६२
४	वहाल कर	४५००००	३७३१७५.१८	८२.९३
५	वहाल विटौरी कर	१०००००	१२०००.	१२.
६	सवारी साधन कर (साना सवारी)	१०००००	०	०
७	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	५००००	५००.	१.
८	अखेटोपहारमा लाग्ने कर	५००००	०	०
९	अन्य कर	२०००००	८८५४२९९.४६	४४२७.१५
१०	परीक्षा शुल्क	११००००	८२४००.	७४.९१
११	अन्य प्रशासनिक सेवा शुल्क	३२००००	१७१७००.	५३.६६
१२	नक्सापास दस्तुर	५५००००	२७६३१४.०६	५०.२४
१३	सिफारिश दस्तुर	११०००००	९७०५७५.	८८.२३
१४	व्यक्तिगत घटना दर्ता दस्तुर	३८००००	२८६०५०.	७५.२८
१५	नाता प्रमाणित दस्तुर	११००००	११७०२०.	१०६.३८
१६	अन्य दस्तुर	१७००००००	४८५९००९.३२	२८.५८
१७	व्यावसाय रजिष्ट्रेशन दस्तुर	४४००००	३५३६१२.	८०.३७
१८	प्रशासनिक दण्ड जरिवाना र जफत	२५०००	६४६४८०.	२५८५.९२
जम्मा		**२३५४५०००**	**१९७४१४००.३१**	**८३.८५**

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०७९।८० मा रु.२३५४५०००.०० असुली हुने अनुमान गरेकोमा रु.१९७४१४००.३१ मात्र असुली गरेको छ जुन असुली अनुमानको ८३.८५ प्रतिशत मात्र हो । कतिपय आम्दानी शिर्षकमा असुली शुन्य देखिन्छ । अनुमान अनुसारको असुली गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३० **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.६४६४८०.०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **सामुदायिक वनबाट आय:**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

सैद्धान्तिक बेरुजु

३२ **विविध खर्च:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ खाना/खाजामा मात्र रु.६९०६१० खर्च गरेको छ । यस्तो खर्चमा मितव्यायीता कायम हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **आर्थिक सहायता:**

गाउँपालिकाले आर्थिक सहायता वितरण गर्दा आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि बनाई कार्याविधिले निर्धारण गरेको मापदण्ड बमोजिम आर्थिक सहायता भुक्तानी गर्नु पर्दछ । पालिकाले कार्यविधि नबनाई गाउँपालिका चालुतर्फबाट अन्य अन्य आर्थिक सहयोग/सहायता कोषबाट रु.३२८७११ र प्रकोप व्यवस्थापन कोषबाट रु.५५१७६५.०० गरी जम्मा रु. ८८०४७६.०० खर्च सम्बन्धितहरुको निवेदनमा अध्यक्षको तोकादेशका आधारमा पटके निर्णय गरी आर्थिक सहायता वितरण गरेको छ । कार्यविधि तयार गरी सो कार्यविधिले निर्धारण गरेको मापदण्ड अनुसार सहायता वितरण गर्ने र यस्ता खर्चमा नियन्त्रण गर्ने तर्फ कार्यलाई सचेत हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सुचीकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत यस गाउँपालिका अन्तर्गत ८ वडा मध्ये ६ वडामा कामका लागि पारिश्रमिकमा आधारीत सामुदायिक आयोजना अन्तर्गत २ योजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत ४ योजना गरी जम्मा ६ योजना सन्चालन गरेको छ। यस बर्ष कामका लागि पारिश्रमिकमा आधारित कार्यविधि २०७७ अनुसार सूचिकृत बेरोजगार मध्येबाट कामका लागि पारिश्रमीकमा आधारित सामुदायिक आयोजना अन्तर्गत १६ जना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत ४० जना गरी जम्मा ५६ जना वेरोजगार व्यक्तिलाई नेपाल सरकारले तोकेको न्यूनतम दैनिक ज्याला रु. ५७७ र स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दर कायम हुनेछ भन्ने व्यवस्था भए बमोजिम सोही अनुसार श्रमिकको दैनिक ज्याला रु. ५७७ का दरले योजनामा रोजगार संलग्न गराई रु ३१,३३,४७५ श्रमिक ज्याला भुक्तानी गरेको छ। गाउँपालिकाले योजना छनौट गर्दा योजना दोहोरो नपर्ने गरी छनौट गर्नुपर्दछ। तर गाउँपालिकाको नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकेन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन ।

सैद्धान्तिक बेरुजु

३५ **पेश्की बाँकी र सोको व्याजः**

पेश्की बाँकी: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) साथै नियम ५१ मा म्याद नाघेको पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतले व्याज समेत असुल गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकामा निम्न निर्माण व्यवसायी तथा उपभोक्ता समितिको पेश्की आर्थिक वर्षको अन्त्यसम्ममा पनि फर्स्यौट नभई उपभोक्ता समितिको रु.२०५५०० को

म्याद नाघेको छ । यसरी बाँकी रहेको पेश्कीमा वार्षिक १० प्रतिशत व्याज समेत असुल गरी अन्य पेश्की नियमावली बमोजिम फर्स्यौट गर्नु पर्ने रु.

पेश्की लिएको मिति	**पेश्कीको विवरण**	**पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम**	**चालु आ. व. म्याद ननाघेको**	**गत आ. व.सम्मको म्याद नाघेको**	**जम्मा**	**म्याद नाघेको पेश्कीको व्याज**	**कैफियत**
१२/१३/२०७९	वडा नं. १ भवन निर्माण	गणेश – ओम श्री कालाशिल्ला जे.भी.	१०००००	०	१०००००	०	
१२/१३/२०७९	वडा नं. १ भवन निर्माण	गणेश – ओम श्री कालाशिल्ला जे.भी.	९०००००	०	९०००००	०	
२०७४/७५	सडक तथा पूल निर्माण	कसेनी बजार व्यवस्थापन समिति	०	२०००००	२०००००	१०००००	अघिल्लो ले.प.मा म्याद नाघेको पेश्की लगती कायम भएको हुँदा व्याज समेत असुल फर्स्यौछ गर्नु पर्ने ।
०९/०५/२०७८	झडेवा जगात सुनवल महलपोखरी मोटरबाटो स्तरोन्नति वडा नं. ६	झडेवा जगात सुनवल महलपोखरी मोटरबाटो स्तरोन्नति वडा नं. ६	०	१६०००००	१६०००००	२८००००	
०९/०८/२०७८	सरापकोट खानेपानी योजना	सरापकोट खानेपानी उपभोक्ता समिति	०	२५५०००	२५५०००	४४६२५	
जम्मा			**१००००००**	**२०५५०००**	**३०५५०००**	**४२४६२५**	

असुल गर्नुपर्ने	४,२४,६२५

३६ **आन्तरिक लेखापरीक्षण:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८४ मा कार्यालय प्रमुखले राजश्व, धरौटी तथा बिनियोजतर्फको आन्तरिक लेखापरीक्षण गराई देखिएको बेरुजु फछ्र्यौट गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका निम्नानुसारका व्यहोरा अन्तिम लेखापरीक्षण हुँदाको समयसम्म पनि स्थिति यथावत रहेको छ । ऐन नियमको व्यवस्था अनुसार औल्याएका व्यहोरा फर्स्यौट गरी प्रमाण पेश गर्नु पर्दछ ।

३६.१ **मेशिनरी प्रयोगः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा लोडर,एक्साभेटर,रोलर, डोजर,ग्रेडर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाइने तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएकोमा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख भएको र सोही नियमको उप नियम ९ (क) मा उल्लिखित विपरित हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदाय संग भएको सम्झौता रद्द गरिने उल्लेख छ । तर कार्यालयको श्रेस्ता परिक्षणमा देहाय अनुसार उपभोक्ता समितिले सम्झौता गरेको काममा हेभि मेसिन प्रयोग गरेको देखियो। मानव श्रोत वा उपभोक्ताबाट सम्पन्न हुन नसकी ठेकेदार लगाउनु पर्ने भए कार्यालयले

प्रतिस्पर्धात्मा एंव मितब्ययी हुने गरी निर्माण व्यवसायी मार्फत गराउनु पर्ने अन्यथा उपभोक्ता समितिको कार्यमा मेशिनरी प्रयोगबाट खर्च गराउन मिल्ने देखिदैन । केही उदाहरणहरु यस प्रकार छन् ।

क्र.सं.	भौचर नं/ मिति	योजनाको नाम	भुक्तानि रकम रु.	मेशिनरी प्रयोगको रकम रु.	मानिसको काम रु	जम्मा मुल्याङ्कन
१	72/2079/12/12	टेकेरेआँप हुलुङ्ग मो.बा.	३०००००	३१५८००.८	१७३७४.५	३३६१७५.३
२	77/2079/12/13	बादुर मोटरबाटी निर्माण	२९९१६२.	२८९३९९.३	४८९१५.१	३३८३१४.४
३	81/2079/12/23	पुम्दी दुमई मो.बा.	२०००००	२०२७०८.३	२२७७९.३	२२५४८७.६
४	109/2079/12/20	गेयाझडाँडा मौलाथर बंसीडाँडा मो.बा.	१८८०१६.	१८९७१८.३	२०२९८.	२१००१७.७
५	131/2079/12/27	खाँपडाँडा बंशेटापु देविधान मो.बा.	१४१४५१.	१४१२६८.६	१७०१२.	१५८२८०.६
6	151/2080/01/07	ढाड्खोला थारुङ्गा गोल्डी मो.बा.	१७७०४८.	१८९७७७.२	१२८७१.८	२०२६४९.
७	165/2080/01/13	सौरेनी घोरकोटा मो.बा.	३८९१६७.	३८९११५.३	४४६५६.५	४३६७७१.८
8	253/2080/02/28	बाटुलेचौर फापरबारी मो.बा.	५०००००	५०२७२०.३	५३३५६.३	५५६०७६.६

सैद्धान्तिक बेरुजु

३६.२ **औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैँया सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था गरेको छ। यस सम्बन्धि देहायको व्यहोरा निम्नानुसार रहेको छ ।

क) ठेक्का मार्फतः

गो.भौ.	कार्यक्रमको नाम	औषधि अनुमानित लागत अनुमान	ठेक्का प्राप्त रकम रु	फर्मको नाम
सं.स.११२/ मिति २०७९/१०/२९	आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागी औषधि खरिद	१५६९६२३.४१	५३९४५३	चुनचुन फार्मेशी

संघिय ससर्त गौ.भौ. नं. ११२/ मिति २०७९/१०/२९ बोलपत्र मार्फत खरिद गर्दा अनुमानित लागत रकम रु १५६९६२३.४१ भएको औषधि रु ५३९४५३.१५ मा चुनचुन फार्मेसी ले ठेक्का पारी सो मार्फत खरिद भएको देखिन्छ।

ख) सोझै खरिदः

गो.भौ.	कार्यक्रमको नाम	औषधि अनुमानित लागत अनुमान	ठेक्का प्राप्त रकम रु	फर्मको नाम
गा.पा. चालु ३११/२०७९/१२/१५	स्वास्थ्य संस्थाहरुको लागी औषधि तथा स्वास्थ्य सामाग्री खरिद	९९९९७३	९९५१७१	समुन्द्र मेडिको फर्मा
४६३/२०८०/०२/१७	स्वास्थ्य संस्थाहरुको लागी औषधि तथा स्वास्थ्य सामाग्री खरिद	३४०४३१	३२२८४१	लिसा आयुर्वेद मेडिसीन डिष्ट्रीब्यूटर्स
५९३/२०८०/०३/१९	स्वास्थ्य संस्थाहरुको लागी औषधि तथा स्वास्थ्य सामाग्री खरिद	११५०००२	११४८८१५	प्रिन्स मेडिको सप्लायर्स प्रा.लि.
जम्मा		२४९०४०६	२४६६८२७	

कार्यालयले गाउँपालिका गो.भौ नं ५९३/ मिति- २०८०/०३/१९ स्वास्थ्य संस्थाहरुको लागी औषधि तथा स्वास्थ्य सामाग्री खरिद शिर्षकबाट लागत अनुमान रु. ११५०००२ भएको ओषधि रु ११४८८१५ रुपैयाँमा कोटेशन मार्फत प्रिन्स मेडिको सप्लायर्स प्रा.लि. बाट खरिद भएको देखिन्छ । गो.भौ नं. ३११/ मिति २०७९/१२/२५ समुन्द्र मेडिको फर्मा लागत अनुमान रु. 999973 भएको ओषधि रु ९९५१७१ र गौ. भौ. नं. ४६३/ मिति २०८०/०२/१७ लिसा आयुर्वेद मेडिसीन डिष्ट्रीब्यूटर्स बाट लागत अनुमान रु. 340431 भएको औषधी रु. ३२२८४१ गरी कूल रु २४६६८२७ रकम बराबरको रकमको कोटेशन मार्फत टुक्रा टुक्रा गरी खरिद गरेको देखिन्छ भने नियम ८५ बमोजिम उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरेको समेत देखिँदैन साथै बार्षिक खरिद योजना बनाई बोलपत्र आह्वान गरी एक प्याकेज बनाई खरिद गर्नुपर्नेमा टुक्रा टुक्रा गरी खरिद गरेको नियमसंगत देखिएन साथै ठेक्का मार्फत खरिद गर्दा मितव्ययी हुने देखिएकोले कार्यालयले सो तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

महेन्द्र नरेश प्राथमिक विद्यालय	माथागढी-7	१	४००	०	४००
धारा देवि माध्यमिक विद्यालय	माथागढी-8	७	२८००	१६००	१२००
चन्द्रदेवी प्राथमिक विद्यालय	माथागढी-8	१	४००	०	४००
जम्मा					**७०८००**

असुल गर्नुपर्ने	७०,८००

६८.४ **दोहोरो छात्रवृत्तिः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० मा कुनै पनि छात्रवृति दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। दोहोरो छात्रवृत्ति बुझेको रु. सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.

क्रं. सं.	विद्यार्थीको नाम	विद्यालयको नाम	कक्षा	छात्रवृत्ति	किसिम	छात्रवृत्ति	किसिम	असूल गर्नुपर्ने रु.
1.	यासिमा वराल	जनप्रिय प्रा. वि .	५	४००	बालिका	१०००	अपाङ्ग	१४००
2.	सृजना सारु	जनप्रिय प्रा. वि .	१	४००	बालिका	३०००	अपाङ्ग	३४००
3.	इन्जिला घर्ति	कौडे प्रा. वि .	२	४००	बालिका	१०००	अपाङ्ग	१४००
4.	प्रकृति नेपाली	कौडे प्रा. वि .	३	४००	बालिका	४००	दलित	८००
5.	विपना सुनार	कौडे प्रा. वि .	५	४००	बालिका	४००	दलित	८००
6.	सुस्मा मसराङ्गी	ग्रामोदय मा. वि .	६	४००	वालिका	१०००	अपाङ्ग	१४००
7.	कुनिसा दर्लामी	ग्रामोदय मा. वि .	६	४००	वालिका	१०००	अपाङ्ग	१४००
8.	प्रतिमा कनौजे	सातपोखरी मा. वि .	१	४००	वालिका	१०००	अपाङ्ग	१४००
9.	सुस्मिता वि. क .	वुद्धि विकास प्रा . वि .	१	४००	बालिका	४००	दलित	८००
10.	ममता वि. क .	वुद्धि विकास प्रा . वि .	३	४००	बालिका	४००	दलित	८००
11.	क्रिष्टिना परियार	सृजना प्रा. वि .		४००	दलित	१०००	अपाङ्ग	१४००
जम्मा								**१५०००**

असुल गर्नुपर्ने	१५,०००

६९ **विद्यालयको निकास सम्बन्धी अन्य व्यहोराहरुः**

विद्यालय अनुगमनः कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० अनुसार विद्यालयलाई दिने अनुदान एकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकामा ४१ विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन। नियममा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

निर्माण अनुदान: कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१२ विज्ञान प्रयोगशाला, आईसिटी तथा पुस्तकालय अनुदान रकम छनौट भएका विद्यालयलाई एकमुष्ट अनुदान दिने र विद्यालयबाट खरिद भएको शैक्षिक सामाग्रीहरुको विल भरपाई प्राप्त भए पश्चात पालिकाबाट सोको अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पुस्तकालय स्थापनाका लागि श्री किसान माध्यमिक विद्यालयलाई रु. ६३७९१०। र विज्ञान सामाग्री व्यवस्थापनका लागि श्री कर्णाधार मा. वि. लाई रु ६४७३४०। रकम निकासा दिएकोमा विद्यालयबाट खरिद भएको विल भरपाई प्राप्त भएकोमा विद्यालयले विल वमोजिम खरिद गरे नगरेको सम्वन्धमा पालिकाबाट अनुगमन भएको देखिएन।तसर्थ पालिकाबाट अनुगमन गरी विल बमोजिम खरिद तथा जिन्सी दाखिला भएको सुनिश्चित हुनुपर्दछ।

अनुदानः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण सिकाई अनुदान तथा दरबन्दी नभएका विद्यालयमा बार्षिक प्रति विद्यार्थि लागत अनुदान र शिक्षण सिकाई अनुदान शीर्षकमा निकासा दिने गरे पनि पालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि, विद्यालयको O&M नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी पालिकाबाट नियुक्त गरी सहजकर्ता शिक्षकको बार्षिक खर्च लेखेको देखियो। एउटै शीर्षकमा विना कार्यविधि पालिकाबाट दोहोरोपना हुने गरी खर्च लेखेको मनासिव देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७० **कसेनी स्वास्थ्य चौकी भवन निर्माण- MRM/B/NCB/Works/02-079-80**

कसेनी स्वास्थ्य चौकी भवन निर्माण कार्य २०८०/१२/३० भित्र सम्पन्न गर्ने गरी ठेक्का रकम रु. १,६०,६२,८१५.७६ मा निर्माण व्यवसायी नेरिसा कन्स्ट्रक्सन कं. प्रा. लि.सँग २०७९/९/१ मा सम्झौता गरी बजेट खर्च लेखेको सम्बन्धमा देखीएका बेहोरा देहायमा प्रस्तुत छ।

७०.१ **कार्य सम्पादन जमानतः** ठेक्का सम्झौताको विशेष शर्तबमोजिम ठेक्का रकमको ५ प्रतिशत तथा १५ प्रतिशत भन्दा बढीकोकबोल रकममा थप ८ प्रतिशत कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था बमोजिम ठेक्का सम्झौता रकम रु. १,६०,६२,८१५.७६ को कार्य सम्पादन जमानत रकम रु. २०,८८,१६६.०४ पेश गर्नुपर्नेमा मेगा बैंक नेपाल लिमिटेडबाट रु. १३,६०,०००.०० को जमानत पेश गरेको नपुग जमानत रु. ७,२८,१६६.०५ थप सहित ठेक्का सम्झौताको शर्त बमोजिमको अवधिसम्म कार्य सम्पादन जमानत पेश गरिनुपर्ने रु.

प्रमाण पेश नगरेको	७,२८,१६६

७०.२ **गुणस्तरः** ठेक्का सम्झौताबमोजिम निर्माण कार्यको गुणस्तर परीक्षण गरेपछि स्पेसिफिकेशनबमोजिमको कार्यको ठेक्का सम्झौताबमोजिम भुक्तानी गर्नुपर्दछ । स्वास्थ्य चौकी भवन निर्माण कार्यको यो वर्ष दोस्रो रनिङ्ग बिलसम्मको भूक्तानीमा निर्माण सामाग्रीलगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी खर्च लेखेको पाइएन । कार्यालयको ईन्जिनियर र लेखा प्रमुखसमेतको सहभागितामा गरिएको स्थलगत निरीक्षणमा निर्माणाधिन स्वास्थ्य चौकी भवनको कतिपय कोलम्न र बिममा हनिकम्ब (Honeycomb) देखिएको हुँदा सोका कारण कंक्रिट सुदृढ नहुने, भुँईतला र पहिलो तलाको एक कोलम ९० डिग्रीमा रहेको नपाइएको तथा झ्याल र ढोका माथिको लिन्टल कंक्रिटमा स्पेसिफिकेशनबमोजिमको पिसिसीको मात्रा नदेखिएको र छिटो फर्मा झिक्दा सोमा गरिएको सिमेन्ट कंक्रिट झरिरहेकोसमेत पाइएको हुँदा साईटको अनुगमन र निरीक्षण पक्ष फितलो रहेको देखिन्छ । स्पेसिफिकेशनबमोजिम पिसिसीलगायतका कार्य नभएको हुँदा ती कार्यहरूमा सुधार बेगर आगामी रनिङ्ग बिलबाट खर्च लेख्न नमिल्नुका साथै यो वर्ष गरिएको पिसिसी निर्माण कार्यको लागि निर्धारित स्पेसिफिकेशनबमजिम निर्माण कार्य भएनभएको गुणस्तर परीक्षणबाट यकिन नगरी भूक्तानी गरिएको हुँदा आईटम नं. १० को पिसिसी फर आरसिसीको मु. अ. करसमेतको खर्च रु. १८९८६७१.२० समर्थन गर्न मिल्ने नदेखिएको रु.

अनियमित भएको	१८,९८,६७१

७०.३ ठेक्का सम्झौताअनुसार बि.ओ.क्यूमा उल्लिखित आइटमहरूको कार्यको वास्तविक नापबमोजिमको परिमाणमा कबोल गरेको दर अनुसार ठेक्का रकमको भुक्तानी गर्नुपर्दछ । स्वास्थ्य चौकी भवनको निर्माण गर्दा Foundation, Column, Beam, Slab आदिमा बि.ओ.क्यूका आइटम १० मा PCC for RCC works को कार्य गराउँदा दोस्रो रनिङ्ग बिलसम्म १९.४४८ मेट्रिक टन टिएमटी स्टील बारको प्रयोग भएको छ । पिसिसी गर्दा प्रयोग भएको स्टील बारको Density अनुसारको आयतनमा पिसिसी गर्दा सिमेन्ट, बालुवा र गिट्टीको प्रयोग हुँदैन । पिसिसी गर्दा स्टिलबारले (छड) ओगट्ने क्षेत्रलाई कुल पिसिसीको परिमाणबाट घटाई खुद पिसिसीको परिमाणमा मात्र निर्माण व्यवसायीको कबोल दरले पिसिसी वापतको रकम भुक्तानी दिनुपर्नेमा छडले ओगटेको आयतनसहित गणना गरी पिसिसीको परिमाणमा भुक्तानी दिएको पाइयो । बि.ओ.क्यूको आइटम नं. १२ बमोजिम टिएमटी स्टील बारको छुट्टै भुक्तानी हुने र छड प्रयोग गरेको स्थानमा पिसिसी नहुने हुँदा सो छडले ओगटेको लम्बाई र मोटाईबमोजिमको आयतनमा (Volume) पिसिसी वापत Tolerance Level वा अन्य कारण देखाई कार्य नभएको अवस्थामा भुक्तानी गर्न नमिल्ने हुँदा टिएमटी स्टील बार १९४४८ के.जी. ले ओगटेको २.४८ घनमीटर बराबरको परिमाण पिसिसीको परिमाणमा नघटाएको हुँदा पिसिसी वापत प्रति घनमीटर रु. १२०००.०० का दरले बढी भुक्तानी भएको रकम मु. अ. करसमेत रु. ३३५८८.१२ असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३३,५८८

७१ **सडक स्तरोन्मुखी कार्य- कार्यझडेवा-जगत-भुटुके-महलपोखरी-सुनवलः**

७१.१

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिमको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । ठेक्काको बि.ओ.क्यूमा निर्धारित परिमाण भन्दा बढी परिमाणां भेरिएशन आदेश बेगर कार्य गराएको पाइयो । बिओक्यूको आइटम नं. १ मा Earthwork excavation मा बढी ३५.२४ घ.मी. गरी रु. ६२४३.२०, आइटम नं. २ मा स्टोन मेशनरीमा ४.८७ घ.मी. बढी कार्य गरी रु. ३४०९०.००, आइटम नं. ३ मा बढी ड्राई स्टोन सोलिङ्गमा ३.०६ घ.मी. गरी रु. ९१८०.००, आइटम नं. ५ मा बढी पिसिसी एम१० मा २.८७ घ.मी. को रु. २८७००.००, आइटम नं. ६ मा आरसिसी एम१५मा बढी ५.७३ घ.मी.को रु. ६३०३०.०० र आइटम नं. ९ मा रेनफोर्समेन्टको कार्य १.१९ बढी गरी रु.१५४७००.०० भुक्तानी गरेको पाइयो । स्वीकृत परिमाण भन्दा बढीको कार्य गराउँदा भेरिएशन आदेश स्वीकृत नगरी भुक्तानी गरेको हुँदा मु. अ. कर समेत सो खर्च रु. ३३४५२८.८१ लाई समर्थन गर्न नमिल्ने रु.

अनियमित भएको	३,३४,५२९

७१.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार निर्माण कार्य विओक्यूबमोजिम सम्पन्न गरी सामान्य प्रयोगको अवस्था रहेमा मात्र कार्य स्वीकार गर्न सक्ने व्यवस्था गरेको छ । सडक सुधार निर्माण कार्यका लागि निर्माण व्यवसायी मिराकल्स बिल्डर्ससँग ठेक्का रकम रु. ४२,७९,५३५.३३ मा सम्झौता गरी निर्माण कार्य स्वीकार गरेकोमा गर्दा सबबेश २०० घनमीटर कार्य गर्नुपर्नेमा १२७ घनमीटर र सिमेन्ट प्लाष्टरको कार्य ५९.७३ घनमीटर कार्य गर्नुपर्नेमा ५ घनमीटर मात्र गरी ठेक्का फरफारक गरेको पाइयो । लागत अनुमान भन्दा घटी कबोल गरेको आइटमको कार्य प्राविधिक पुष्ट्याई बेगर सबबेशमा रु. १०९५००.०० तथा प्लाष्टरको कार्य रु. २१८९२.०० समेत रु. १३१३९२.०० बराबरको न्युन परिमाणको कार्य स्वीकार गरी ठेक्का फरफारक गरेको नियमित नभएको रु.

अनियमित भएको	१,३१,३९२

७२ **नमुना विद्यालयको शैक्षिक गुणस्तर सुदृढिकरण तथा कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० मा नमुना विद्यालयको शैक्षीक कगुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारारित अनुदान वापत प्रति विद्यालय रु ५० लाख सम्म अनुदान दिने व्यवस्था बमोजिम श्री दिव्य ज्योती माध्यमिक विद्यालयलाई रु ५००००००.०० भुक्तानी गरेको छ । कार्यान्वयन पुस्तिकामा सो भुक्तानीको अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीयतहले गर्ने पर्ने र शिक्षा विकास तथा समन्वय ईकाईले गर्ने गरी व्यवस्था गरेको छ । यस विद्यालयलाई आर्थिक वर्ष २०७८।७९ मा रु ५००००००.०० र आर्थिक वर्ष २०७९।८० मा रु ५००००००.०० गरी कुल रु १००००००००.०० भुक्तानी दिएको पाईयो। विद्यालयले दुई आर्थिक वर्ष वति सक्दा समेत तोकिएको कार्य सम्पन्न गरेको देखिएन । गाउँपालिकाबाट कार्यान्वयन पुस्तिकाले तोकिदिएका कार्यहरु सम्पन्न गरी प्राविधिक पुस्ट्याई समेत पेस गर्ने गरि सो रकम निकासा दिएकोमा विद्यालयले सो अनुसारको कार्य गरेको नदेखिदा विद्यालयले तोकिएको आर्थिक वर्ष भित्र निर्माण कार्य सम्पन्न गरी प्रतिवेदन पेस गर्नु पर्ने देखिन्छ । विद्यालयलाई आर्थिक वर्ष २०७८।७९ मा भुक्तानी गरिएको पेश्की रकम सहित यस आर्थिक वर्षमा भुक्तानी भएको रकमको समेत कार्ष सम्पन्न पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	५०,००,०००

७३ **मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमः**

मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गत कुल रु ५३४५३४३.०० खर्च लेखेकोमा सो कार्य क्रम अन्तर्गत गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा ICT ल्याव निर्माण, विज्ञान ल्याव निर्माण, भाषा शिक्षकको तलब भुक्तानी, OECD क्षमता विकास तालिम तथा अन्य शैक्षिक सामाग्री खरिदको लागी खर्त लेखेको पाईयो । भाषा शिक्षकको नियुक्ती गर्दा स्थानीय भाषाका सम्बन्धमा विषेश ज्ञान तथा सीप भएको व्यक्ती नियुक्त गर्नु पर्नेमा साधाहरण विधामा प्रविणता प्रमाणपत्र तह पास गरेका व्यक्तीलाई नियुक्ता गरी भुक्तानी गरेको छ । भाषाका सम्बन्धमा विषेश ज्ञान, सीप, भाषाको ईतिहास वारेमा थाहा भएको व्यक्ती नियुक्त गरि भुक्तानी गर्नु पर्नेमा सोको पालना भएको देखिएन । साथै श्री यस कार्यक्रमबाट श्री दिव्यज्योती माध्यमिक विद्यालयललाई ल्याव निर्माण वापत रु २५६९३१.०० भुक्तानी भएकोमा सोही प्रकृतिको कार्य गर्न नमुना विद्यालय निर्माण वापत संघीय शसर्त तर्फबाट समेत यस आर्थिक वर्षमा रु ५००००००.००

भुक्तानी भएको छ । नमुना विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यमा समेत ल्याव निर्माण, पुस्तकालय निर्माण तथा अन्य शैक्षिक सुधारका कार्यक्रम गर्ने गरेकोमा दोहोरो पर्ने गरी ल्याव निर्माण गर्न भुक्तानी हुदा दोहोरो भुक्तानी होईन भन्ने सम्बन्धमा एकिन हुन सकिएन । संघीय सरकारको शसर्तबाट र यस कार्यक्रमबाट समेत एउटै प्रकृतिको कार्यक्रम आउने र विभिन्न विद्यालयमा कार्यक्रम दोहोरिएको समेत देखिएको हुदा दोहोरो भए नभएको सम्बन्धमा कार्यालयले एकिन गरि दिव्यज्योती माध्यमिक विद्यालयको ल्याव निर्माण सम्बन्धमा भएको भुक्तानी एकिन हुनु पर्ने रु.

अनियमित भएको	२,५६,९३१

७४ **घटी अवधीको वीमाः**

सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा बीसलाख रुपिया भन्दा बढीको निर्माण कार्यको हकमा सो निर्माण कार्यमा प्रयोग गरिने मेसिन, उपकरण, प्लान्ट आदीको विमा गराउनु पर्ने उल्लेख छ । निर्माण कार्यको लागी गरिएको ठेक्का सम्झौतामा सो निर्माण कार्यको लागी साईट उपलब्ध गराएको दिन देखी त्रुटि सच्याउने अवधी सम्मको विमा गराउनु पर्ने व्यहोरा सोही सम्झौता को GCC 19.1 मा उल्लेख छ ।गाउँपालिकाका विभिन्न निर्माण कार्यमा निर्माण व्यवसायीले खरिद सम्झौता गरि कार्य प्रारम्भ गर्ने मिति देखी लागु हुने गरी वीमा गर्नु पर्नेमा वीमा वापतको रकम भुक्तानी लिने उद्देश्यले मात्र निर्माण कार्यको अवधी समाप्त हुने समयमा वीमा गरि प्रमाण पेश गरेको पाईयो । यसरी सार्वजनकि खरिद ऐन तथा नियमावली र खरिद सम्झौताको शर्त कै प्रतिकुल हुने गरी गरिएको विमा र सो वापत भएको देहाय अनुसारको भुक्तानी रकमको औचित्य नदेहिएकोले सो भुक्तानी नियम सम्मत नदेखिएको रु.

सि नं	ठेक्का नं	निर्माण व्यवसायी	सम्झौता मिति	विमा सुरु भएको मिति	भुक्तानी रकम
१	२०७९/८०-०८	एस कन्सट्रक्सन	२०७९।१२।२९	२०८०।०२।१८	२७७८९.१
२	२०७९/८०-०९	मिराकल विल्डर्स	२०८०।०१।०८	२०८०।०३।१२	२८३५९.६१
जम्मा					**५६१४८.७१**

अनियमित भएको	५६,१४९

७५ **पाईप खरिद र वितरणः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले पालिकाबाट र १,५ र ६ नम्बर वडा कार्यालयबाट विभिन्न साईजका पाईप खरिद गरी वितरण गरेको देखिन्छ । पालिकाले पाईप खरिदमा कुनै आवश्यकताको अनुमान नगरी जनसहभागिता बेगर पालिकाबाट मात्र खरिद गर्ने र मागको आधारमा वितरण गर्ने गरेको पाईयो । जनसहभागिताको अंश छुट्याउने र वितरणमुखी कार्यक्रममा नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा पालिकाबाट वितरण भएको निम्नानुसार भरपाई पेश भएको र वडा कार्यालयको लागि खरिद भएको पाईपको भरपाई पेश भएको छैन् । वितरण हुन बाँकी पाईप वितरण गरी सो को भरपाई पेश गर्नु पर्ने रु.

पाईपको प्रकार	खरिद मिटर	वितरणको भरपाई	बाँकी मिटर	दर	रकम
20 mm	८७००	७८२०	८८०	३६	३१६८०
25 mm	५०००	३१३०	१८७०	५४	१००९८०
32 mm	३०००	२९७५	२५	७१	१७७५
40 mm	१३००	१३००	०	११३	०
50 mm	१८००	१७५५	४५	१४४	६४८०
75 mm	२००	१५०	५०	३२३	१६१५०
वडा नं.१ को लागि खरिद					
20 mm	२४००	०	२४००	३६	८६४००
25 mm	१३००	०	१३००	५४	७०२००
32 mm	१२००	०	१२००	७१	८५२००
वडा नं.५ को लागि खरिद					
32 mm	२३००	०	२३००	७१	१६३३००
40 mm	११००	०	११००	११३	१२४३००
50 mm	३००	०	३००	१४४	४३२००
63 mm	५५०	०	५५०	२२९	१२५९५०
वडा नं.६ को लागि खरिद					
50 mm	११५०	०	११५०	१४४	१६५६००
जम्मा	**३०३००**	**१७१३०**	**१३१७०**		**११७८२८०**

प्रमाण पेश नगरेको	११,७८,२८०

७६ **तारजाली खरिद र वितरणः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालय पालिकाबाट निम्नानुसारको ३ साईजका तारजालिहरु खरिद गरी वितरण गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा पालिकाबाट वितरण भएको निम्नानुसार भरपाई पेश भएको र बाँकीको भरपाई पेश भएको छैन् । वितरण हुन बाँकी तारजाली वितरण गरी सो को भरपाई पेश गर्नु पर्ने रु.

तारजालीको प्रकार	खरिद संख्या	वितरणको भरपाई	बाँकी	दर	रकम
3*1*1	७३	७३	०	३२००	०
2*1*1	८५	८३	२	३२००	६४००
1.5*1*1	१०४	४६	५८	३१००	१७९८००
जम्मा					**१८६२००**

प्रमाण पेश नगरेको	१,८६,२००

७७ **वन क्षेत्रमा भवन निर्माणः**

वन ऐन, २०४९ को दफा ६८ मा वन क्षेत्रको प्रयोग गरि योजना संचालन गर्नको लागी कुनै पनि योजना राष्ट्रिय गौरवको योजना हुनु पर्ने वा वनको जग्गा प्रयोग गर्ने वाहेक अन्य विकल्प नरहेको अवस्था वाहेक अन्य अवस्थामा कुनै पनि योजना संचालन गर्न नहुने उल्लेख छ । जिल्ला वन पाल्पाले स्वीकृती दिई सामुदायिक वनको रुपमा संचालित शेरखोक कालोखोला सामुदायिक वन पर्यटन भवन र फेदि सामुदायिक वनको जग्गामा सामुदायिक भवन निर्माणको लागी बजेट विनियोजन गरि भवन निर्माण वापत रकम निकासा दिएको पाईयो । सामुदायिक वनको जग्गा प्रयोग गर्नु परेमा जिल्ला वन तथा वन मन्त्रालयबाट स्वीकृती लिई निर्माण गर्नु पर्नेमा कुनै स्वीकृती विना सामुदायिक वन उपभोक्ता समितीको स्वीकृतीको आधारमा भवन निर्माण गरेको पाईयो । सम्बन्धीत निकायको स्वीकृती विना र जग्गाको स्वामित्व बेगर भवन निर्माण गरेका देहाय अनुसारको भवन निर्माणको भुक्तानी नियम सम्मत नदेखिएको रु.

सि नं	गो. भौ . र मिति	कामको विवरण	सामुदायिक वन	भुक्तानी रकम
१	३०८/ २०८० / ०३ / ०७	शेरखोक कालोखोला सामुदायिक वन पर्यटन भवन	शेरखोक कालोखोला सामुदायिक वन	८१४२३५
२	३०२/ २०८० / ०३ / ०७	फेदि सामुदायिक वनको जग्गामा सामुदायिक भवन	फेदि सामुदायिक वन	५६८७५५
जम्मा				**१३८२९९०**

अनियमित भएको	१३,८२,९९०

७८ **दालचिनी र तेजपत्ता प्रसोधन तथा मसला उद्योग निर्माणः**

सार्वजनिक निकायले कुनै संरचनाको निर्माण गर्दा सो निर्मण स्थल रहेको जग्गाको हस्तान्तरण, नामसारी तथा अन्या प्रकृया सम्पन्न गरे पश्चात निर्माण प्रारम्भ गर्नु पर्दछ । साथै भवन निर्माण गर्दा सो भवनको प्रयोजन, भवन प्रयोग भए पश्चात नजिकको क्षेत्रमा पर्ने असर लागायतका सम्पुर्ण प्रकृया टुङ्गो लगाएर मात्र भवन निर्माण गरिनु पर्दछ । गाउँपालिकाले दालचिनी र तजपत्ता प्रसोधन तथा मसला उद्योग निर्माण गर्न रु २६९५७२६.९७ को लागत अनुमान बनाई उपभोक्ता समिति संग मिति २०८०।०३।१५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी मित २०८०।०१।०७ मा सम्झौता गरेको छ । सराई स्वास्थ्य चौकि भवन निर्माण स्थल नजिकै स्वास्थ्य चौकी कै जग्गामा सो उद्योगको लागी भवन निर्माण गरी सो को लागी आवश्यक मेसिन तथा उपकरण समेत खरिद गरी राखेको पाईयो । मसला उद्योग निर्माण गर्दा उपभोक्ता समितिले ज्यालदारीमा काममा लगाईएका कामदारको ज्याल भुक्तानी गर्दा मजदुरको नाममा ज्याल बुझेको हस्ताक्षर एउटै व्यक्तीको Hand writing संग मिल्ने गरि गरेको देखिएको हुदा पेस भए अनुसारको ज्याला बुझ्ने व्यक्ति ज्यालदारीमा काम गर्ने कामदार नै भएको र निजलाई नै ज्याला भुक्तानी भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन । स्वास्थ्य चौकीको छेवैमा मसला उद्योग स्थापना गरी संचालन गर्दा स्वास्थ्य चौकिमा रहेका विरामीमा असर पर्ने नपर्ने सम्बन्धमा कुनै अध्ययन गरेको समेत पाईएन । उद्योग स्थापना गरि संचालन गर्नको लागी के-कसरी संचालन गरिने, गाउँपालिकाले लगानी गरेर उद्योग स्थापन गरि मेसिन उपकरण खरिद गरि जडान भए पश्चात सो को लाभ पालिकाले के कसरी प्राप्त गर्ने सम्बन्धमा कुनै योजना र अध्ययन समेत भएको पाईएन । गाउँपालिकाले खर्च गरेर उद्योग स्थापन गर्ने र सोको संचालन अन्य निकायले गर्दा सो बाट प्राप्त हुने लाभको वितरणमा गाउँपालिकाको अंश हुने वा नहुने सम्बन्धमा अध्ययन नगरी गाउँपालिको स्रोतबाट खर्च लेखिनु नियम सम्मत देखिएन । गाउँपालिकाले उद्योग संचालन गर्न भवन निर्माण र मेसिन उपकरण खरिदमा गरिएको खर्चको वास्तविकता, ज्याला सम्बन्धीत व्यक्तिलाई भुक्तानी भए नभएको सम्बन्धमा छानविन हुनु पर्ने रु.

सि. नं	कामको विवरण	भुक्तानी
१	दालचिनी र तेजपत्ता प्रसोधन तथा मसला उद्योग निर्माण	२२६४३३४.००
२	मेसिन उपकरण खरिद	८७५०००.००
जम्मा		**३१३९३३४.००**

अनियमित भएको	३१,३९,३३४

७९ **दुना टपरी मेसिन खरिदः**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले G 2 G माध्यमबाट खरिद गर्ने भनी कोरिया नेपाल बहुप्राविधिक शिक्षालयबाट दुना टपरी बनाउने मेसिन/ उपकरण खरिद गरेको सो शिक्षालयले तोकेको ढाँचामा कर विजक जारी नगरी विद्यार्थी भर्ना शुल्क लेखिएको विजकका आधारमा रु ९५००००.०० भुक्तानी गरेको देखियो । शिक्षालयले मेसिन तथा उपकरण उत्पादन गरी बिक्रि वितरण गर्ने ईजाजत प्राप्त गरेको भए सो वापत आम्दानी गर्दा तोकिएको ढाँचामा कर विजक जारी गर्नु पर्ने देखिन्छ । यसरी मेसिनरी तथा उपकरण विक्रि वितरण गर्ने शिक्षालयले कर छुट संस्थाको ईजाजत पाए नपाएको सम्बन्धमा एकिन गर्न सकिएन । कर छुट प्राप्त संस्थाको सम्बन्धमा एकिन गरि कर छुट प्राप्त संस्था नभएमा नियमानुसार कर असुल गरि भरपाईका आधारमा भुक्तानी भएको रु ९५००००.०० नियमित गर्नु पर्ने रु

अनियमित भएको	९,५०,०००

८० **एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम - ३७००००११६४**

माथागढीको वडा नं. ४ स्थित झडेवामा १५ शैयाको अस्पताल निर्माणका लागि निर्माण व्यवसायी प्राकृतिक निर्माण सेवासँग मिति २०८०/२/१५ भित्र कार्य सम्पन्न गर्ने गरी मु. अ. करसमेत ठेक रकम रु. १२,१८,९९,५९१.९६ मा गाउँपालिकाको कार्यालयले मिति २०७८/२/२० मा सम्झौता गरी कार्य भईरहेको छ । निर्माण कार्य र ठेक्का कागजातमा लेखापरीक्षणबाट देखिएका बेहोरा निम्न छन्:

८०.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क (३) अनुसार पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैंक खाता मार्फत मात्र भुक्तानी हुने र दफा ५२क (५) अनुसार पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी निर्माण व्यवसायीले कार्यालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्थाको पालना भएको छैन । कार्यालयले बाँकी पेश्की रु. ४९,७८,०४०.०० को हकमा सो व्यवस्थाको पालना गरी पेश्की अन्यत्र प्रयोग गरेको भए सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) अनुसार ब्याजसमेत लगाई पेश्की फर्छयौट गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८०.२ ठेक्काका लागि गरिएको परिमाण र लागतको अनुमान देखि ठेक्काको सूचना, मुल्यांकन, आसयको सूचना, ठेक्का स्वीकृतिलगायतको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ बमोजिमका प्रकृया र विधि अवलम्बन गरी आधिकारिक निर्णयलगायतका कागजातसहितको ठेक्का फाइल तयार गरी राख्नुपर्नेमा सो गरेको पाइएन ।सो को अभावमा एकीकृत सूचना प्राप्त गर्न र विश्लेषण गर्न सकिएन । ठेक्का सम्बन्धित निर्णय र कागजातसहितको ठेक्का फाइल तयार राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८०.३ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम मातहत अस्पताल नरहेका स्थानीय तहहरूमा ५ देखि १५ सैयासम्मका अस्पतालको निर्माणका लागि अस्पताल भवनको संभाव्यता अध्ययन र ड्रइङ्ग डिजाइनसहितको विस्तृत आयोजना प्रतिवेदन तयार भएको अवस्था छ । पाल्पा जिल्लाको निस्दी, पूर्वखोला, माथागढी र अन्य गाउँपालिकामा १५ सैयाको अस्पतालका लागि ड्रइङ्ग डिजाइनसहितको विस्तृत आयोजना प्रतिवेदन तयार गरेको पाइयो । अस्पतालको डिजाइन र ड्रइङ्ग सबैमा उही प्रकारको रहेको स्थिति छ । परामर्शदाताले माटोको जाँच सम्म गरेको देखाएको तर ड्रइङ्ग डिजाईन सबैमा उस्तै देखिदा अस्पताल डिजाईनको एक मुल प्रारूप अनुरूप नै सबैमा सोही उतार गरेको अवस्था देखिन्छ । तर हरेक अस्पतालका लागि छुट्टाछुट्टै विस्तृत आयोजना प्रतिवेदन बनाई ईन्जिनियरिङ्ग सर्भे, ड्रईङ्ग, डिजाईन गरेको भनि ठूलो रकम खर्च लेखिएको हुँदा अस्पताल पिच्छे निर्माण स्थलको अवस्थाबमोजिम ड्रईङ्ग डिजाइन गरेनगरेको छानबिन गर्न गराउन आधिकारिक निकायमा लेखी ड्रईङ्ग डिजाइन उतार मात्र गरेको भए सो वापतको भुक्तानी असुल गर्न र कानूनबमोजिम थप कारवाही गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८०.४ ठेक्का सम्झौताअनुसार बि.ओ.क्यूमा उल्लिखित आइटमहरूको कार्यको वास्तविक नापबमोजिमको परिमाणमा कबोल गरेको दर अनुसार ठेक्का रकमको भुक्तानी गर्नुपर्दछ । १५ सैयाको अस्पताल भवनको निर्माण गर्दा Foundation, Column, Beam, Slab आदिमा बि.ओ.क्यूका आइटम ३९ मा PCC for RCC works को कार्य गराउँदा पाँचौ रनिङ्ग बिलसम्म १६०.९७ मेट्रिक टन टिएमटी स्टील बारको प्रयोग भएको छ । पिसिसी गर्दा प्रयोग भएको स्टील बारको Density अनुसारको आयतनमा पिसिसी गर्दा सिमेन्ट, बालुवा र गिट्टीको प्रयोग हुँदैन । पिसिसी गर्दा स्टिलबारले (छड) ओगट्ने क्षेत्रलाई कुल पिसिसीको परिमाणबाट घटाई खुद पिसिसीको परिमाणमा मात्र निर्माण व्यवसायीको कबोल दरले पिसिसी वापतको रकम भुक्तानी दिनुपर्नेमा छडले ओगटेको आयतनसहित गणना गरी पिसिसीको परिमाणमा भुक्तानी दिएको पाइयो । बि.ओ.क्यूको आइटम नं. ३९ बमोजिम टिएमटी स्टील बारको छुट्टै भुक्तानी हुने र छड प्रयोग गरेको स्थानमा पिसिसी नहुने हुँदा सो छडले ओगटेको लम्बाई र मोटाईबमोजिमको आयतनमा (Volume) पिसिसी वापत Tolerance Level वा अन्य कारण देखाई कार्य नभएको अवस्थामा भुक्तानी गर्न नमिल्ने हुँदा टिएमटी स्टील बार १६०९७० के.जी. ले ओगटेको २०.५० घनमीटर बराबरको परिमाण पिसिसीको परिमाणमा नघटाएको हुँदा पिसिसी वापत प्रति घनमीटर रु. १३०००.०० का दरले बढी भुक्तानी भएको रकम मु. अ. करसमेत रु. २६६५६५.०० असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,६६,५६५

८०.५ निर्माण कार्यको आवश्यकता र प्राविधिक दृष्टिकोणले उचित र लागत प्रभावी हुने गरी ड्रईङ्ग डिजाईन गरी निर्माण कार्यको परिमाण र सोको लागत अनुमान गर्नुपर्दछ । लागत प्रभावीका सन्दर्भमा Value Engineering को सिद्धान्तबमोजिम निर्माण गर्दा प्रयोग गरिने निर्माण सामाग्री र मेशिनरीको उपयुक्त संयोजन गर्नुपर्दछ । साथै, १५ सैया अस्पताल निर्माणका लागि सम्भाव्यता अध्ययनसहित विस्तृत ड्रईङग डिजाईन गरेको भनि परामर्शदातालाई विगत आ.व.मा भुक्तानी गरेको छ । निर्माणाधीन रहेका १५ सैया अस्पताल भवनको ड्र्ईङ्ग डिजाइनमा २ तले भवनका लागि Column लगायतमा २०एमएम व्यासको स्टील बार (छड) सहित कुल १९१.९६ मेट्रिक टन लाग्ने अनुमान गरेको छ । भवन निर्माणस्थलको माटोको भारवहन क्षमता र निर्माण गरिने २ तले भवनको स्ट्रक्चरसहितको भारका लागि लिफ्टका लागि बाहेक अन्यमा Isolated Footing रहेको र भवनको स्ट्रक्चरका लागि २५ एमएम व्यासको छड आवश्यक नै रहेको प्राविधिकरुपमा पुष्टि गरेको पाइएन। भवनको फुटिङ्ग राखेको जमीन मुनि Boulder Mix Soil रहेको र २ तले भवनका लागि २० एमएम व्यासको छड राखी निर्माण कार्य गराउँदा आवश्यकता भन्दा बढीको स्पेसिफिकेशनका कारण कम्तिमा ३० प्रतिशत लागत बढी पर्न गएको स्थिति कार्यालयको ईन्जिनियरसँग छलफलबाट जानकारी भयो। परामर्शदाताले पर्याप्त मात्रामा अध्ययन नगरी स्टोन मेशनरीलगायतको परिमाण राखेको र निर्माणस्थल तथा भवनको प्राविधिक पुष्टयाई बेगर भारी स्ट्रक्चर राखेको हुँदा Value Engineering लाई पालना गरेको पाइएन । निर्माण कार्यको आवश्यकता र निर्माणस्थलको पर्याप्त मात्रामा अध्ययन नगरी ड्रईङ्ग डिजाइन गर्ने सो परामर्शदाता र सोलाई स्वीकृत गर्ने जिम्मेवार व्यक्तिलाई कानुनबमोजिम जवाफदेही बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८०.६ ठेक्का सम्झौताको विशेष शर्तमा निर्माण व्यवसायीले गुणस्तर आश्वस्तता योजनासमेत पेश गरेपछि दोस्रो किस्तामा ५ प्रतिशत दिन मिल्ने व्यवस्था गरेकोमा आ. व. २०७८/७९ मा सो बेगर नै ठेक्काको १० प्रतिशतले पेश्की रु. ८७,००,५००.०० दिएको पाइयो । ठेक्का शर्तबमोजिम गुणस्तर आश्वस्तता योजना पेश गरी निर्माण सामाग्रीलगायतको प्राविधिक परीक्षण प्रतिवेदन राखी वर्षान्तको पेश्की बाँकी रकम रु. ४९,७८,०४०.०० लाई नियमित गरी फर्छयौट गर्नुपर्ने रु.

अनियमित भएको	४९,७८,०४०

८०.७ ठेक्का सम्झौताबमोजिम झडेवामा १५ सैयाको अस्पताल निर्माण कार्य मिति २०८०/२/१५ भित्र सम्पन्न गरिसक्नुपर्नेमा सो भएको पाइएन । निर्माण कार्य विविध कारणले गर्न नसकेको भनि गाउँपालिकाले मिति २०८१/२/१५ सम्म म्याद थप गरेको छ । लेखापरीक्षणको क्रममा सो भवन निर्माण भइरहेको पाइयो । म्याद थप गर्दा पेश गरेको कार्यतालिकाबमोजिम सो कार्य सम्पन्न गर्न गराउन तदारूकता अपनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८०.८ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) बमोजिम खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिमको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । ठेक्काको बि.ओ.क्यूमा निर्धारित परिमाण भन्दा बढी परिमाण भेरिएशन आदेश बेगर कार्य गराएको पाइयो । बिओक्यूको आइटम नं. ४ मा Earthwork excavation को बढी कार्यमा २२८.४२ घ.मी. गरी रु. २२८४२.००, आइटम नं. ५ मा माटो भराईमा ११३.७४ घ.मी. बढी कार्य गरी रु. ११३७४.०० र आइटम नं. ८ मा स्टोन मेशनरीको कार्य २४९.०० घ.मी. बढी गरी रु.१४,९९,४००.०० को भुक्तानी गरेको पाइयो । स्वीकृत परिमाण भन्दा बढीको कार्य गराउँदा भेरिएशन आदेश स्वीकृत नगरी भुक्तानी गरेको हुँदा मु. अ. कर समेत सो खर्चलाई समर्थन गर्न नमिल्ने रु.

अनियमित भएको	१७,३२,९८६

८१ **एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम (क्रमशः)**

स्थानीय तहमा अस्पताल निर्माण पश्चात सोको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी सम्बन्धित गाउँपालिकाको हुने व्यवस्था छ । एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम मातहत अस्पताल निस्दीमा १५ सैया अस्पतालको निर्माण कार्य ठेक्का सम्झौताबमोजिम २०८०/८१ मा सम्पन्न हुँदैछ । अस्पताल भवन निर्माण पश्चात सोलाई संचालन गर्न आवश्यक मेशिन उपकरणका साथै डाक्टरलगायतका जनशक्ति आवश्यक पर्छ । अस्पताल सञ्चालनका लागि पर्याप्त तयारी नभएको हुँदा भवन निर्माण पश्चात अस्पताल सञ्चालन हुन सक्ने स्थिति दुर्बल देखिन्छ । गाउँपालिकाले अस्पतालको सञ्चालन र व्यवस्थापन गर्न आवश्यक पर्ने श्रोत र सोको पुर्तिसहितको कार्य योजना तयार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८२ **खानेपानी सरसफाई तथा स्वच्छता वास निर्माण योजना निर्माणः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ बमोजिम जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिएको प्रक्रिया अपनाई सेवा प्राप्त गर्न सक्ने व्यवस्था भए तापनि जनचेतना वा सबलीकरण जस्ता कार्यक्रमसँघ अमिल्दो खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना तर्जुमाको कार्य गैरसरकारी संस्था नव किरण नेपालबाट गराई भऔ. नं. ६५६/२०८०-३-२२ बाट रु. ४,९४,९९८.०० खर्च लेखेको छ । वास योजना तर्जुमाका लागि ३ गैरसरकारी संस्थाबाट प्रस्ताव माग गरेकोमा प्रति संस्था टिम लिडर र विषयविज्ञसहित ७ जना आवश्यक पर्नेबमोजिम ३ संस्था (नव किरण नेपाल, ईम्पावरमेन्ट देभलप्मेन्ट नेपाल, र सामाजिक श्रोत विकास केन्द्र) को २१ जनाको व्यक्तिगत विवरण फाइलमा संलग्न हुनुपर्नेमा ७ जनाको मात्र देखिदा ती जनशक्ति कुन संस्थासँग आबद्ध हो प्रष्ट नभएको र प्राप्त भएका प्रस्ताव पनि दर्ता नगरेको पाइयो । सो अवस्थामा पनि तीन वटै संस्थालाई योग्य ठहर गरी कम रकम कबोल गरेको भनि नव किरण नेपालसँग सम्झौता गरेकोमा सो संस्थाबाट अन्तिम प्रतिवेदन दिएको र सोलाई दाखिला गरेको नपाइएको, वास कार्यविधि, २०७६ तथा वास योजना तर्जुमा निर्देशिकाबमोजिम योजना तयार गरेको प्रमाणित नगरेको, मस्यौदा प्रतिवेदनमा कार्ययोजनालाई कसरी कार्यान्वियन गर्ने हो स्पष्ट खाका समेत प्रस्तुत नगरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ बमोजिम भएको समेत नपाइएकोले सो खर्चलाई समर्थन गर्न मिल्ने नदेखिएको रु.

अनियमित भएको	४,९४,९९८

८३ **करान्लुङ्ग घाट झोलुङ्गे पुल- उपभोक्ता समिति (बजेट खर्च-संघीय सरकार र गा.पा. पुँजीगत)**

८३.१ निर्माणका लागि खरिद गरिएका औजारहरू जिन्सी दाखिला गरेर मात्र खर्च लेख्नुपर्दछ । उपभोक्ता समितिले निर्मल शुभ ट्रेडर्स, बुटवलबाट रिन्च प्लायर आदि रु. १३९१८.२१ र कोहिनुर ट्रेड कन्सर्न , बुटवलबाट त्रिपाल रु. ३४००.०० को खर्च दाबी गरी खर्च लेखेकोमा जिन्सी दाखिला नभएको रु.

असुल गर्नुपर्ने	१७,३१८

८३.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समितिले प्राबिधिक मूल्याङ्कनका साथै खर्चलाई प्रमाणित गर्ने कागजात पेश गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यमा स्पेसिफिकेशनबमोजिम आवश्यक पर्ने निर्माण सामाग्री भन्दा बढी परिमाणमा खरिद गरी खर्च दाबी गरेको रकमलाई खर्च समर्थन गर्न मिल्दैन । नापी किताबबमोजिम ५० के.जी.का बढीमा १२० सिमेन्ट नोरा आवश्यक पर्नेमा उपभओक्ता समितिले तिनाउ हार्डवेयरबाट २२ बरा, कालीगण्डकी हार्डवेयर & सप्लायर्सबाट ६० बोरा र सिद्धार्थ हार्डवेयर प्रा.लि.बाट ६० बोरा गरी १४२ बोरा खर्च देखाएको हुँदा बढी २२ बोराको खर्च रु. १०४२८.०० समर्थन गर्न नमिल्ने हुँदा असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,४२८

८४ **सस्पेन्सन ब्रिज निर्माणको प्राविधिक कार्यमा गैरसरकारी संस्थाः**

निर्माण कार्यको अनुगमन, निरीक्षण तथा निर्माण कार्यको व्यवस्थापन गर्न गाउँपालिका कार्यालयको जनशक्तिको योग्यता र क्षमता पर्याप्त रहेमा बाह्य पक्षबाट सो कार्य गराउनु हुँदैन । कार्यालयमा तत्काल ईन्जिनियर -२ सहितका प्राविधिकहरू रहेको अवस्थामा पनि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत प्राविधिक तथा व्यवस्थापकीय कार्य गर्नका लागि ईन्द्रेणी समाज केन्द्र नामक गैर सरकारी संस्थासँग सम्झौता गरेको पाइयो ।कार्यालयको भन्दा सो संस्थासँग रहेका जनशक्तिको योग्यता र क्षमता अधिक र अपरिहार्य रहेको भनि संलग्न तथ्यबाट खुल्दैन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(८) बमोजिमसार्वजनिक निकायले उपभोक्ता समितिलाई प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा आवश्यक प्राविधिक जनशक्ति नियुक्त गर्दा भुक्तानी गरिने पारिश्रमिक लागत अनुमानको तीन प्रतिशतभन्दा बढी हुने छैन भन्ने प्रावधान विपरीत झोलुङ्गे पुलको प्रत्यक्ष लागतको ३ प्रतिशत प्राविधिक शुल्क तथा ३ प्रतिशत सामाजिक परिचालन र व्यवस्थापकीय कार्य गरे वापत कुल ६ प्रतिशत भुक्तानी दिने प्रावधान राखेको पाइयो । ताप्लेघाट ट्रस ब्रिज र करान्लाङ्गघाट ट्रस ब्रिजको प्राविधिक सेवाका लागि ईन्द्रेणी समाज केन्द्रलाई शुल्क रु. ३,१३,०३५.८४ मध्ये यो वर्ष भौ. नं. ३५/२०८०-३-२४ (संघीय सरकार हस्तान्तरित कार्यक्रम) बाट रु. २,१९१२५.०० गरेको छ । कार्यालयमा रहेका जनशक्ति आफैले गर्न सक्ने कार्यमा बाह्य पक्षबाट कार्य गराउने परिपाटी बन्द गर्नुका साथै खरिद नियमावलीको ९७(८) को सीमा तीन प्रतिशतभन्दा बढी हुने गरी शुल्क तोक्नेलाई जिम्मेवार बनाउनुपर्दछ । सम्झौताको दफा २.२ बमोजिम सामाजिक कार्य अन्तर्गत गाउँपालिकामा मासिक प्रगति प्रतिवेदन उपलब्ध गराउने, पुल संरक्षकलाई नियमित मर्मत सम्बन्धी तालिम दिने साथै व्यवस्थापकीय कार्य अन्तर्गत एक प्राविधिक र एक सामाजिक परिचालक नियुक्त गरी ती कर्मचारीसँग सम्झौता गरेको र पारिश्रमिक उपलब्ध गराएको तथा ती कर्मचारीहरूबाट भएका कार्यको विवरण पेश गर्नुपर्ने लगायतका कार्यको पुष्टयाई बेगर नै सामाजिक परिचालन र व्यवस्थापकीय कार्यका लागि ३ प्रतिशत भन्दा बढी भुक्तानी गरेको रु. १,५६,५१७.९२ समर्थन गर्न नमिल्ने रु.

अनियमित भएको	१,५६,५१८

८५ **गोतामेघाट ट्रस ब्रिजः**

ट्रस फिटिङ्ग काय गरेको भणि रोल्पा जिल्ला, गंगादेव गा.पा.का हरि बहादुर खत्रीले फिटिङ्ग चार्ज वापत रु. २५,०००.०० उपभोक्ता समितिका अध्यक्ष श्री हिरा न्यौपानेबाट बुझिलिई सहीछाप गरेको भर्पाई रहेकोमा सो कार्यका लागि लमसममा व्यवस्था गरेको रु. ५०,०००.०० नै खर्च लेखेको हुँदा वास्तविक खर्च भन्दा बढी खर्च लेखेको रकम रु. २५,०००.०० असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२५,०००

८६ **निर्माण सम्पन्न पश्चात निर्माण सामाग्रीको ल्याब टेस्टः**

निर्माण कार्यको समयमा निर्माणमा प्रयोग हुने समाग्री तथा निर्मित संरचनामा प्रयोग भएको कंक्रिट तोकिएको गुणस्तरको भए नभएको सम्बन्धमा एकिन गर्न निर्माण अवधीमै ल्याव परीक्षण गर्नु पर्दछ । यस गाउँपालिकाले गैरिवारी-स्वास्थ्य चौकी-वडा कार्यालय सडक मर्मत कार्यको लागी मिति २०७९।०३।२५ सम्म निर्माण अवधी राखी सम्झौता गरेकोमा सो अवधीमा निर्माण सम्पन्न हुन नसकी ३ महिना म्याद थप भएको छ । म्याद थप अवधी अनुसार सो निर्माण कार्य मिति २०७९।०६।२५ भित्र सम्पन्न हुनु पर्नेमा कार्यालयले

निर्माण सामाग्रीको ल्याव परीक्षण गर्न मिति २०७९।०९।०४ मा पत्र पठाएको पाईयो । निर्माण कार्यको कार्य सम्पन्न पत्रमा मिति २०७९ असोज मसन्त मै कार्य सम्पन्न भएको जनाईएकोमा समेत कार्य सम्पन्न भएको दुई महिना पछी ल्याव परीक्षण गर्नु उपयुक्त देखिएन । ल्याव परीक्षण गर्न कार्यालयले पठाएको पत्रको आधारमा सो निर्माण कार्य तोकिएको अवधी सम्पन्न भएको भन्ने आधार देखिदैन । संरचना निर्माण हुदा सो संरचनामा गुणस्तरीय सामाग्रीको प्रयोग भएको सम्बन्धमा एकिन भएर मात्र निर्माण कार्य गर्ने तर्फ अधिकार प्राप्त अधिकारी जिम्मेवार हुनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८७ **गाउँपालिका तर्फ बढी व्ययभारः**

कार्यालयले निर्माण कार्यको भुक्तानी गर्दा बजेटको सुनिश्चित्ता गरिएको श्रोतबाट मात्र भुक्तानी गर्नु पर्दछ । गाउँपालिकाले प्रदेश सरकारबाट समपुरक तर्फको अनुदानबाट ५०/५० प्रतिशत खर्च व्यहोर्ने गरी आयोजनाको निर्माण सम्बन्धी खरिद सम्झौता गरेकोमा सम्झौता अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकी म्याद थप गर्दा सो आयोजनाहरुको निर्माण बापत भुक्तानी गर्न बाँकी रहेको सम्पुर्ण रकमको व्ययभार गाउँपालिकालाई परेको पाईयो । निर्माण व्यवसायीले तोकिएको समयमा निर्माण सम्पन्न नगर्दा म्याद थप भएको आधारमा भुक्तानी भएको रकमको ५० प्रतिशत रकम गाउँपालिकालाई थप व्ययभार परेको छ । गाउँपालिकाले निर्माण कार्यको म्याद थप गर्दा सो म्याद थपबाट गाउँपालिकालाई पर्ने आर्थिक दायित्व समेत एकिन गरि म्याद थप गर्न तर्फ विषेश ध्यान दिनु पर्ने देखिन्छ । गाउँपालिकाले देहाय अनुसरका निर्माण कार्यको खरिद सम्झौतामा प्रदेश समपुरको बजेट आर्थिक वर्ष २०७८/७९ मा फ्रिज भई फिर्ता गए पश्चात यस वर्ष गाउँपालिकाकै आन्तरिक स्रोतबाट सम्पुर्ण रकम भुक्तानी गरेको हुँदा भुक्तानी भएको रकमको ५० प्रतिशत रकम गाउँपालिकालाई थप व्ययभार पारेको छ । पालिकाले तोकिएको समयमा निर्माण कार्यसम्पन्न गराई प्राप्त हुने रकमको सही सदुपयोग गर्नु पर्दछ ।

सि नं	आयोजनाको नाम	यस आ.व. को भुक्तानी	५०% ले हुने रकम
१	गैरिवारी स्वास्थ्य चौकी वडा कार्यालय सडक	३४४४२१०	१७२२१०५
२	सराई एक्लेबर सडक निर्माण	६९४६४२	३४७३२१
३	वासटारी झडेवा सडकमा डिविएसटी कार्य	८६७९९४९.४१	४३३९९७४.७१
जम्मा			**६४०९४००.७१**

सैद्धान्तिक बेरुजु

८८ **घटी रकमको वीमाः**

सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा बीसलाख रुपिया भन्दा बढीको निर्माण कार्यको हकमा सो निर्माण कार्यमा प्रयोग गरिने मेसिन, उपकरण, प्लान्ट आदीको विमा गराउनु पर्ने उल्लेख छ । रहवासमा बक्स कल्भर्ट निर्माण कार्यको लागी गरिएको ठेक्का सम्झौतामा निर्माण कार्यको लागी साईट उपलब्ध गराएको दिन देखीको विमा गराउनु पर्ने र सो वीमा रकम सम्झौता रकमको ११५ प्रतिशत रकमको हुनु पर्ने गरी सम्झौताको SCC को GCC 19.1 मा व्यवस्था गरेको छ। यस निर्माण कार्यको लागी भएको सम्झौता रकम रु. ४१,८७,८४५.३० को १५ प्रतिशत थप सहित हुने रकम रु. ४८,१६,०२२.१० बराबरको रकमको वीमा गराउनु पर्नेमा निर्माण व्यवसायीले रु ४१,८७,८४५.३० (सम्झौता रकमको मात्र) को मात्र वीमा गराएको पाईयो । विमा वापत कार्यालयले सम्बन्धीत निर्माण व्यावसायीलाई रु. २८,९४५.२९ भुक्तानी गरेको छ । यसम्झौतामा उल्लेख भएको शर्त अनुसार सम्झौता रकमको ११५ प्रतिशत सम्म हुने गरी नरहेको हुदा सम्झौतामा भए बमोजिम सम्झौता रकमको ११५ प्रतिशतले हुने रकम बराबरको वीमा गरेको प्रमाण पेश गर्नु पर्ने साथै सम्झौताका सर्त अनुसार नरहेको वीमा वापत भएको भुक्तानी रकम नियम सम्मत नभएको रु.

प्रमाण पेश नगरेको	२८,९४५

८९ **माथागढी दलित उत्थान भवनः**

सार्वजनिक भवनलगायतका संरचना निर्माण गर्दा प्रयोग गरिने जग्गाको स्वामित्व वा भोगाधिकार सो प्रयोजनका लागि प्राप्त गरेको हुनुपर्दछ । सार्वजनिक संरचना निर्माणका लागि निर्माण स्थलको स्वामित्व वा आधिकारिक स्वीकृति बेगर निर्माण गर्दा सो खर्च जोखिममा पर्न जाने हुँदा माथागडी दलित उत्थान भवन निर्माण स्थलको जग्गा कार्यालयको नाममा ल्याउनु पर्दछ । गाउँपालिकाले सो दिलित उत्थान भवन निर्माणको लागी गाउँपालिकाले रु १४६२५००.०० व्यहोर्ने गरी निर्माण उपभोक्ता समितिसँग सम्झौता भएकोमा निर्माण गरिने भवनको जग्गाको भोगाधिकार गाउँपालिकाको नाममा नआउदै गो.भौ.नं ३५४ (गाउँपालिका पुजिगत) मिति २०७९।०३। २१ बाट रु ९६६२१३.०० भुक्तानी गरी भवन निर्माण वापत प्रथम रनिङ्ग बिल भुक्तानी गरिएको र सो पश्चात निर्माण कार्य वापत कुनै भुक्तानी भएको नदेखिएको हुदा सो भवन निर्माण गरिएको स्थानको जग्गाको स्वामित्व गाउँपालिको नाममा ल्याई भवनको निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९० **ढुंगा सोलिङ्गको बढी परिमाणको भुक्तानीः**

सराई-सिकारकोट-ओलेस-सिलाङ्गी-सरोपकोट-सराई रिङ्गरोड निर्माण कार्यमा निर्माण व्यवसायी श्री एस कन्सट्रक्सनसँग मिति २०८०।०३।१५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७९।१२।२९ मा सम्झौता भएको छ । निर्माण कार्यमा PCC गर्ने कार्य ३५.७५ घनमिटरमा ०.०५ उचाईले गरेको छ, जस अनुसार ७१५ वर्गमिटर क्षेत्रफलमा PCC निर्माण कार्य भएको देखिन्छ । PCC गर्ने कार्य ढुंगा सोलिङ्ग गरेको भागमा हुने हुदा सोलिङ्ग गरेको क्षेत्रफल पनि सोही अनुसार नै हुने देखिन्छ ।यस आधारमा ०.१५ मिटर उचाईका आधारमा सोलिङ्गको परिमाण १०७.२५ घनमिटर हुने देखिन्छ । गाउँपालिकाले निज निर्माण व्यवसायीलाई सोलिङ्ग वापत १०८.९६ घनमिटरको भुक्तानी गरेको हुदा वास्तविक हुनु पर्ने परिमाण भन्दा १.७१ घनमिटर बढी परिमाणको प्रति घनमिटर रु ३०००.०० का दरले बढी भुक्तानी भएको छ । सोलिङ्ग कार्यको १.७१ घनमिटरको प्रति घनमिटर रु ३०००.०० का दरले हुने रु ५१३०.०० र सोको मुल्य अभिवृद्धि कर समेत रु ५७९७.०० सम्बन्धीत बाट असुल गरी दाखिला हुनु पर्ने रु.

असुल गर्नुपर्ने	५,७९७

९१ **सामाजिक सुरक्षा निकासा सम्बन्धी व्यहोराहरुः**

निकासाः यस गाउँपलिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ८ वटा वडाका लाभग्राहीहरूको खातामा भत्ता रकम बैंक जम्मा गर्न प्रथम त्रैमासिकमा रु.२७९९७१७०.००, दोस्रो त्रैमासिकमा रु.२९१५२७३४.००, तेस्रो त्रैमासिकमा रु.२९४४१५२४ र चौथो त्रैमासिकमा रु.२९९१८७२०.०० गरी चार त्रैमासिकमा जम्मा रु.११६५१०१४८.०० वितरणको लागि बैंकलाई निकासा दिएको छ । निकासा रकममध्ये बैंकले रु.११६४३७०९९.०० लाभग्राहीको खातामा जम्मा गरी बाँकी रहेको रु.७३०४९.०० यस आर्थिक वर्ष (२०८० श्रावण १२) मा निकासा फिर्ता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

९१.१ **दोहोरो नागरिकता नम्बरः** पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि तयार गरेको विवरणमा एकै नागरिकता नम्बर भएको दुई व्यक्तिलाई एकै वडामा सामाजिक सुरक्षा भत्ता विवरण गरेको विवरणबाट देखिएको छ । दोहोरो नागरिकता नम्बर सम्बन्धमा पालिकाले एकिन गरी पेश गर्नु पर्ने रु.

सि.नं.	लाभग्राहीको किसिम	वडा नं.	लाभग्राहीको नाम	नागरिकता नम्बर	जम्मा भएको रकम	कैफियत
१	ज्येष्ठ नागरिक भत्ता - अन्य	१	विष्णुमाया मल्ल	१३३६	४८०००	चार किस्ता
२	ज्येष्ठ नागरिक भत्ता - अन्य	१	दुर्गी न्यौपाने	१३३६	४८०००	चार किस्ता
३	ज्येष्ठ नागरिक एकल महिला भत्ता	१	मन कुमारी घर्ती मगर	३	३१९२०	चार किस्ता
४	ज्येष्ठ नागरिक एकल महिला भत्ता	१	मनकुमारी घर्ती	३	३१९२०	चार किस्ता
५	विधवा	१	श्याम कुमारी बर्घरे	३	३१९२०	चार किस्ता
६	गम्भीर रुपमा असक्षम अनुदान	१	धन बहादुर गाहा	३	२५५३६	चार किस्ता
७	गम्भीर रुपमा असक्षम अनुदान	१	खुम कुमारी थापा क्षेत्री	३	२५५३६	चार किस्ता
१०	ज्येष्ठ नागरिक भत्ता - अन्य	२	श्याम कुमारी सुर्यवंशी	३०२१	४८०००	चार किस्ता
११	ज्येष्ठ नागरिक भत्ता - अन्य	२	सुनरुप थाडा मगर	३०२१	४८०००	चार किस्ता
१२	ज्येष्ठ नागरिक भत्ता - अन्य	३	आनन्द कुमारी राणा	२१५४	४८०००	चार किस्ता
१३	विधवा	३	गंगा देवी थाडा	२१५४	३१९२०	चार किस्ता
१४	ज्येष्ठ नागरिक भत्ता - अन्य	३	गोखली कुमाल	२६२	४८०००	चार किस्ता
१५	ज्येष्ठ नागरिक भत्ता - अन्य	३	नारायणी घर्ती	२६२	४८०००	चार किस्ता
१६	ज्येष्ठ नागरिक भत्ता - अन्य	३	जगिसारा सिन्जाली	२८९९	४८०००	चार किस्ता
१७	ज्येष्ठ नागरिक एकल महिला भत्ता	३	विष्णु देवी काफ्ले	२८९९	३१९२०	चार किस्ता
१८	ज्येष्ठ नागरिक भत्ता - अन्य	३	रिनी सारा राणा	७२३	४८०००	चार किस्ता
१९	ज्येष्ठ नागरिक भत्ता - अन्य	३	चिन्तावीर कनौजे	७२३	४८०००	चार किस्ता
२०	ज्येष्ठ नागरिक भत्ता - अन्य	३	दिए थापा	८३७	४८०००	चार किस्ता
२१	ज्येष्ठ नागरिक भत्ता - अन्य	३	जीत बहादुर गाहा	८३७	४८०००	चार किस्ता
२२	ज्येष्ठ नागरिक भत्ता - अन्य	३	खागी सारा गाहा	८४०	४८०००	चार किस्ता
२३	ज्येष्ठ नागरिक भत्ता - अन्य	३	गंगा बहादुर कामी	८४०	४८०००	चार किस्ता
२४	ज्येष्ठ नागरिक भत्ता - अन्य	३	मेहर सिंह सारु	९८०	४८०००	चार किस्ता
२५	ज्येष्ठ नागरिक भत्ता - अन्य	३	पूर्ण काला काफ्ले	९८०	४८०००	चार किस्ता
२६	ज्येष्ठ नागरिक भत्ता - अन्य	४	देउ कुमारी सुनारी	१५८	४८०००	चार किस्ता
२७	ज्येष्ठ नागरिक भत्ता - अन्य	४	टिकासरा राणा	१५८	४८०००	चार किस्ता
२८	ज्येष्ठ नागरिक भत्ता - अन्य	४	भीमकुमारी ज्ञवाली	२१	४८०००	चार किस्ता
२९	ज्येष्ठ नागरिक भत्ता - अन्य	४	मन कुमारी ढेंगा मगर	२१	४८०००	चार किस्ता
३०	ज्येष्ठ नागरिक भत्ता - अन्य	४	लालबहादुर आचार्य	३९१०२३३४१	४८०००	चार किस्ता
३१	ज्येष्ठ नागरिक भत्ता - अन्य	४	मीन बहादुर राणा	३९१०२३३४१	४८०००	चार किस्ता
३२	विधवा	४	विष्णुमाया चौहान	३९३०२३११	३१९२०	चार किस्ता

३३	विधवा	४	देविसार राणा	३९३०२३११	३१९२०	चार किस्ता
३४	ज्येष्ठ नागरिक भत्ता - अन्य	४	बल्दी गाहा	९८	४८०००	चार किस्ता
३५	विधवा	४	गंगादेवी दिसा	९८	३१९२०	चार किस्ता
३६	ज्येष्ठ नागरिक भत्ता - अन्य	५	खिनिसार रेशमी	३९३०१५६९	४८०००	चार किस्ता
३७	गम्भीर रूपमा असक्षम अनुदान	५	बुद्ध बहादुर घर्ती	३९३०१५६९	२५५३६	चार किस्ता
३८	ज्येष्ठ नागरिक भत्ता - अन्य	६	माती सारा राणा	३९१०१५१३४	४८०००	चार किस्ता
३९	ज्येष्ठ नागरिक भत्ता - अन्य	६	सबी बारेघरे	३९१०१५१३४	४८०००	चार किस्ता
४०	ज्येष्ठ नागरिक भत्ता - अन्य	६	हरि कला बि.के	४३०	४८०००	चार किस्ता
४१	ज्येष्ठ नागरिक एकल महिला भत्ता	६	सोमादेवी बराघरे	४३०	३१९२०	चार किस्ता
४२	ज्येष्ठ नागरिक भत्ता - अन्य	८	गोपीराम ढेंगा	५	४८०००	चार किस्ता
४३	ज्येष्ठ नागरिक एकल महिला भत्ता	८	खुनीसारा मशरङ्गी भन्ने खुनी मगरनी	५	३१९२०	चार किस्ता
जम्मा					**१७३९८०८**	

प्रमाण पेश नगरेको	१७,३९,८०८

९१.२ सामाजिक सुरक्षा सम्बन्धमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

(क) लगत कट्टाको अभिलेख: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९/८० मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको छैन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीलाई समेत भत्ता भुक्तानी हुन जान्छ । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

(ख) पारदर्शिता: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

(ग) नवीकरण: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नवीकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नवीकरण गरेको पाइएन । नवीकरण नभएको लाभग्राहीको नवीकरण गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

(घ) सार्वजनिक सुनुवाई: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम

गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्य स्थानीय तहले आफुले सक्ने विषय सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन ।

(ङ) अनुगमन तथा निरीक्षण: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्त कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

(च) निस्कृय खाता: सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को अनुसुची १० मा स्थानीय तह र बैंकवीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्य निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले निश्क्रिय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन । पालिकाले समयमै यस्ता निश्क्रिय खाता र सो खाताहरुमा रहेको रकमहरुको विवरण बैंक सँग माग गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

अनुगमन लेखापरीक्षण

९२ अनुगमन तथा सम्परीक्षणः

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्र्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु.१३ करोड २३ लाख ८२ हजारमध्ये फस्र्यौट गरी रु.६३२८७५.०० सम्परीक्षणको लागि म्यानुअल अनुरोध गरेकोमा रु.६३०४७५.०० बेरुजु सम्परीक्षण गरिएको छ ।

क्र.सं.	आर्थिक वर्ष	दफा	बेरुजुकोको विवरण	रकम	फस्योंटको व्यहोरा
१	२०७४/७५	३४	गा.पा अध्यक्ष श्री सन्तोस कु. थापालाई असम्बित खर्च भुक्तानी	२४२५०	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
२	२०७४/७५	४८.१	गा.पा अध्यक्ष श्री सन्तोस कु. थापालाई असम्बित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
३	२०७४/७५	४८.१	गा.पा उपाध्यक्ष श्री निर्माला भट्टराईलाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
४	२०७४/७५	४८.१	वडाध्यक्ष वडा नं ३ श्री दिपक थापालाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
५	२०७४/७५	४८.१	वडासदस्य वडा नं ८ श्री लालिसरा ढेंगालाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
६	२०७४/७५	४८.१	वडासदस्य वडा नं ८ श्री माया वि.क.लाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
७	२०७४/७५	४८.१	वडाध्यक्ष वडा नं ८ श्री दिल ब. ढेंगालाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
८	२०७४/७५	४८.१	वडासदस्य वडा नं २ श्री सुभास सारुलाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
९	२०७४/७५	४८.१	वडाध्यक्ष वडा नं २ श्री जनक रिजेललाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
१०	२०७४/७५	४८.१	वडासदस्य वडा नं ३ श्री खड्क ब. ठाडालाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
११	२०७४/७५	४८.१	वडासदस्य वडा नं ६ श्री खुम ब. दमाईलाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
१२	२०७४/७५	४८.१	वडासदस्य वडा नं ६ श्री चन्द्रकला बारघरेलाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
१३	२०७४/७५	४८.१	वडासदस्य वडा नं ४ श्री मान ब. घर्ति मगरलाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
१४	२०७४/७५	४८.१	वडाध्यक्ष वडा नं ४ श्री मधु पराजुलीलाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
१५	२०७४/७५	४८.१	वडासदस्य वडा नं ४ श्री सावित्रा पन्थीलाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
१६	२०७४/७५	४८.१	वडासदस्य वडा नं ७ श्री हुम कु. परियारलाई कानून विपरित खर्च भुक्तानी	२७०००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।

१७	२०७४/७५	३७	श्री राजकुमार पन्थीलाई भुक्तानी गर्दा छुट भएको अग्रिम कर रकम	५५००	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
१८	२०७४/७५	४९	श्री यम ब. चिदीलाई कानून विपरित प्रोत्साहन भत्ता भुक्तानी	१०१७५०	मिति २०७९।०१।१२ मा दाखिला गरेको भौचर पेश ।
१९	२०७६/७७	६०	श्री बिक्रम आ.वी.को शिक्षक तलब बढी भुक्तानी	६८६२५	मिति २०७८।०४।३२ मा दाखिला गरेको भौचर पेश ।
२०	२०७६/७७	७०	श्री सिता कुमारी खाम्चालाई बढी भुक्तानी	१८७५०	मिति २०७८।०३।०१ मा दाखिला गरेको भौचर पेश ।
२१	२०७६/७७	८०	श्री असोक भट्टराईलाई भुक्तानी गर्दा कर कट्टि गर्न छुट	५६००	मिति २०७८।०६।१० मा दाखिला गरेको भौचर पेश ।
२२	२०७६/७७	९४.१	श्री पुनम चिदिलाई बढी भुक्तानी	१०००	मिति २०७८।०३।०१ मा दाखिला गरेको भौचर पेश ।
		७४क	श्री ईश्वरी ज्ञवालीलाई बढी भुक्तानी	२४००	सम्परीणको लागि अनुरोध भएको तर दाखिला भौचर पेश नभएको ।
			जम्मा	६३२८७५	

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस माथागढी गाउँपालिका, पाल्पा को २०७९।८० सम्मको फस्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । (रकम रु. हजारमा)

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju	यो वर्ष कायम बेरुजू(C) beruju	संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju
१	१३२३८२	६३०	४०९२२	०	१७२६७४

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : माथागढी गाउँपालिका, पाल्पा , माथागढी गाउँपालिका , पाल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राम प्रसाद घिमिरे	२०८०-५-३१	हाल सम्म कार्यरत
लेखा प्रमुख	सन्तोष दाहाल	२०७८-७-२५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,५१९,२०३	२०,६४३,१७४	१८,७५९,७९८	०	०	०
				जम्मा बेरुजु रकम	४०,९२२,१७५
				लेखापरीक्षणको क्रममा असुली रु	१३२,३०७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		११३३४१०२२.३९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३९९५४६५००	चालु खर्च	३३४४०४१०९.९१
प्रदेश सरकारबाट अनुदान	३५११४४११	पूँजीगत खर्च	१५१९९१०२६.२६
राजश्व बाँडफाँट	१०७८५२२६०.७८	वित्तीय/अन्य व्यवस्था	२३०२४६५८८.४५
आन्तरिक आय	२०७४२४८४.०९		
अन्य आय	१६०९४०५०८.६३		
कुल आय	७२४१९६१६४.५	कुल खर्च	७१६६४१७२४.६२
बाँकी मौज्दात		१२०८९५४६२.२७	

अनुसूची - २

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
२	सामााजिम सुरक्षा	सामाजिक सुरक्षा
३	कृषि तथा पशुतर्फ	कृषि तथा पशुतर्फ
४	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
५	तालिम र कार्यक्रम खर्च	तालिम र कार्यक्रम खर्च
६	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
७	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
८	शिक्षातर्फ	शिक्षा तर्फ
९	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
१०	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।	११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
११	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
१२	ठेक्का व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन